# प्रश्न र उत्तर
# हिब्रू भाग १

परमेश्वर बिना उनले यो कसरी गर्न सक्थिन्? त्यो एउटा वास्तविक हुनेछ, होइन र? प्रभु बिना गर्न सकिदैन थियो।

म तिनीहरु सबैबाट प्रचार गर्ने जानेछैन। तर मैले सोचे कि म केहि प्रकारको भारी लिन सक्छु, तपाई जान्नुहुन्छ, त्यसैले म तयार रहनु बेस हुन्छ। तर, ओ, यो एकदमै, एकदमै हल्का थियो। त्यसैले शायद त्यहाँ मानिसहरु बीच धेरै प्रश्नहरु छैन होला, यो बस सामान्य र हल्का प्रश्नहरु छन्। ठिक छ, प्रभुको सहायताद्वारा, मैले सक्नेसम्मको उत्तम उत्तर तिनीहरुलाई दिने कोशिष गर्न पाउँदा म खुसी छु।

2 र यदि बहिनी अर्गनब्राईट आजराति यहाँ हुनुहुन्छ भने...बहिनी रूथ। के तपाई यहाँ हुनुहुन्छ, बहिनी रूथ? यहाँनिर। मसंग...ओ, हो, मसंग यहाँ ठेगाना छ, र...होइन, मसंग छैन। ठिक छ, मैले यसलाई ठिक यहाँबाट लिन सक्छु। मसंग यो मेरो खल्ती पुस्तिकामा थियो, र मैले मेरो खल्ती पुस्तिका घरमा नै भुले। अब, यदि प्रहरीले म घर जादै गर्दा समाउनुभयो भने, भाई फ्लिमन, तपाई मेरो उद्धारको लागि आउनुहोला। बिल्लीलाई भन्नुहोस् म... मेरो खल्तीपुस्तिका घरमा नै छोडेको छु, म आज राति लाइसेन्स बिना सवारी चलाउदैछु। र मसंग यो खल्तीमा छ भनि सोचेको थिए; मैले भर्खरै लुगा बदलेको थिए। म भित्र गएको थिए, आज दिउसो, चाडो–चाडो केहि घाँस काटिरहेको थिए र त्यो काम छोडेर हतार–हतार भित्र आए, लुगा फेरेर यहाँ तल भागे। र म—मैले शब्दकोश ल्याए, तर तपाईले ठिक पछि त्यहाँबाट निकाल्न सक्नुहुन्छ।

3 *त्यो* पत्रको विषयमा नराम्रो मानेको छैन। यदि मैले त्यो भन्दा नराम्रो कहिल्यै पाएको छैन भने, त्यो एउटा राम्रो पत्र हुनेछ। त्यो राम्रो थियो। त्यो एकदम, एड्क्म राम्रो थियो। म यो पढ्नेछैन भनेर मैले तपाईलाई भनेको थिए, तर मैले त्यो पढ्न पुगे, तपाईलाई थाहा छ, र यसलाई धेरैबेर थाम्न सकिन। तपाईले के भन्नुभएको भन्ने कुरा मैले सोचे। र यो एकदम, धेरै राम्रो थियो, एउटा सच्चा विद्यालयको शिक्षकले लेख्नुपर्ने जस्तो लेखिएको थियो।

त्यो राम्रो थियो, र म यसको कदर गर्छु। र यो—यसले तपाईलाई...

4 तपाई देख्नुहुन्छ, मलाई कसैको पत्र मन पर्छ जुन—तपाईसंग थोरै भिन्नता हुन्छ। हेर्नुहोस्, यदि तपाई सधै साथमा जानुहुन्छ भने, कोहि पनि तपाईसंग भिन्नता राख्दैन, तपाई बासी हुनुहुनेछ। तपाईले थोरै भिन्नता पाउनुपर्छ ताकी तपाईले बुझ्नु सक्न र गहिराईमा जान सक्न। र—र यदि तपाईले ध्यान राख्नुभएन भने तपाई एकोहोरो मात्रै बढ्नुहुन्छ; तब तपाई—त्यसपछि तपाई समस्यामा पर्नुहुन्छ जब तपाईले त्यसो गर्नुहुन्छ। तपाई केवल अगाडि बढिरहनु पर्छ र कोहि तपाईको भन्दा भिन्नतामा भएको हुनुपर्दछ र तपाईको प्वाँखहरु कहिले काहि फ्याँक्नुहुन्छ।

5 अफ्रिकामा मैले दुईवटा साना सिंहहरु भेटे, र तिनीहरु साना साथीहरु थिए, लगभग *त्यस्तै।* धब्बा भएको, सानो, सानो सिंह; एउटा सानो सिंह, एउटा सानो पोथी सिंह। र अब, तिनीहरु साना बिरालो जस्तो देखिन्थे, तिनीहरु यति सानो थियो त्यस्तै, सानो...सबैभन्दा राम्रा साना कुराहरु, तिनीहरु केवल खेल्थे। र मैले तिनीहरुलाई अमेरिकामा ल्याउनेवाला थिए, मसंग तिनीहरु चराको पिंजडामा थियो। मैले तिनीहरुलाई फर्काएर ल्याउनेवाला थिए, तर मैले तिनीहरुलाई खोप लगाउनको लागि कुनै—कुनै पनि विषाक्त पदार्थ भेत्ताउना सकिन। र तिनीहरुले मलाई पहिले खोप नलगाईकन तिनीहरुलाई संयुक्त राज्यमा ल्याउन दिने थिएनन्, र मैले यो पूरै अफ्रिकाभरि पाउन सकिन। तर यदि उ सिंह थियो या थिएन भनेर जान्न चाहनु हुन्थ्यो भने, केवल उसलाई अलिकति पछाडि कफ गर्नुहोस्। उ आक्रामक हुन्थ्यो र उ एउटा सिंह हो भनि तपाईलाई थाहा दिन्थ्यो, त्यसैले—त्यसैले त्यसले एक प्रकारले उ कहाँ उभिएको छ भन्ने तपाईले थाहा दिन्छ।

6 त्यस तरिकामा तपाईले कहिलेकाहि एक पटक गर्नुपर्छ, तपाईलाई थाहा छ, एक तरिकाले प्वाँखलाई पछाडि पट्टि घुमाउछ, पत्ता लगाउनलाई। तर, अब, हामी सिंह जस्तै रिसाउने छैनौ; हामी केवल—हामी केवल त्यो प्रेम गर्छौं,...मानिसहरुले प्रश्नहरु सोध्नको लागि। र त्यस प्रकारका प्रश्नहरु, बहिनी रूथ, एकदमै, म प्रति असल हुनुहुन्छ। यो एउटा...म—मलाई त्यो मन पर्छ, बुझ्नुभयो। यो वास्तवमै ती नराम्रो खालको हो जुन म पाउन घृणा गर्छु। तर तिनीहरु एउटा...त्यो ठिकै थियो।

7 अब हामीसंग केहि राम्रा, हलचल गर्ने, बस घरेलु प्रश्नहरु छन्, त्यहाँ

ठिक अहिले पछाडि एकजना प्रचारक हुनुहुन्छ भित्र पछाडिको कोठामा, उहाँले मलाई सोध्नुभयो, भन्नुभयो, “प्रकाश ११ का दुईटा अगमवक्ताहरु, के तिनीहरु यार्प्चरभन्दा अगाडि आउनेछन्? वा इस्राएललाई लिनुभन्दा पहिले? र के...” अब, त्यो खालको प्रश्न हो जसले—जसले—जसले तपाईलाई चारैतिर बाँध्दछ। तर यी साधारण प्रश्नहरु ठिक छ।

तर अब, हामीले शुरू गर्नुभन्दा अगाडि, प्रार्थनाको लागि हाम्रो शिर झुकाऔ।

8 पिता, यो ध्यान गरिएको छ कि जब तपाई बाह्र वर्षको हुनुहुन्थ्यो, तपाई मन्दिरमा शास्त्रीहरु र धर्मगुरूहरुसंगसँग, धर्मशास्त्रको बहस गरिरहनुभएको बेलामा भेट्टाईनुभएको थियो। र तिनीहरु—तिनीहरु अचम्ममा परेका थिए...ती पुराना मानिसहरु, र धर्मशास्त्रमा राम्ररी प्रशिक्षित थिए, र अझै पनि करिब बाह्र वर्षको सानो केटाले धर्मशास्त्रको व्याख्या गर्नमा, केवल—केवल अचम्म पार्ने खालको काम गर्न सक्थ्यो। तपाई आफ्नो बाबाको काममा हुनुहुन्थ्यो। तपाईले आफ्नो आमालाई भन्नुभयो, “के म मेरो पिताको काममा हुनुपर्छ भनि तपाईलाई थाहा छैन?” धर्मशास्त्रलाई तिनीहरुको आत्मिक अर्थ सहित व्याख्या गर्न।

9 र अब हामी प्रार्थना गर्छौ, प्रभु, कि—कि तपाई जान्नुहुन्छ कि हामी कति कमजोर र दुर्बल छौ, र हामी कति धेरै गल्तीको वशमा छौ, कि तपाई आज राति हामीसंग पवित्र आत्माको रूपमा आउनुहुनेछ, र हामीलाई धर्मशास्त्र व्याख्या गर्नुहुनेछ। म तपाईलाई प्रतिक्षा गर्दै तपाईको भरमा बसिरहेको छु। र यदि मैले कहिल्यै, कुनै पनि समयमा, मेरो आफ्नै विचारहरु वा व्याख्या वा केहि स्वार्थी कुराहरु राख्ने कोशिष गर्छु भने, जुन तरिकामा मैले व्याख्या गर्दैछु त्यो नै सहि हुनेछ भनि सुन्ने मेरो मुख बन्द गर्नुहोस्, प्रभु, जस्तो तपाईले गर्नुहुन्छ...तपाईले त्यो गर्नुभयो, जब सिंहहरु दानिएलको पछि आए। तपाई अझै पनि उहि परमेश्वर हुनुहुन्छ।

10 र यो पूर्ण रूपमा हुन दिनुहोस्...जसरी हामी पवित्र आत्मामा भर पर्छौ, उहाँले हामीलाई यी कुराहरु प्रकट गर्नुभएको होस्। र त्यसपछि जसै उहाँ तिनीहरुसंग बोल्नुहुन्छ, यसलाई यति स्पष्ट बनाउनुहोस् कि जसले प्रश्न गर्नुभएको छ उहाँले यो प्राप्त गर्न सक्नुभएको होस्। र यदि मैले सधै विश्वास गरेको भन्दा विपरितमा यसले उत्तरहरु दिन्छ भने, तब मेरो हृदय पनि आनन्दित हुन दिनुहोस्, प्रभु, मैले केहि नयाँ कुरा पाएको छु, र

प्रभुको केहि असल मार्ग पाएको छु भनि जान्दा। किनकि तपाईले भन्नुभयो, “धर्मशास्त्रको खोजी गर, किनकि त्यसमा तिमीसंग अनन्त जीवन छ भनि तिमीहरु सोच्दछौ, र तिनीहरु हुन् जसले मेरो विषयमा गवाहि दिन्छन्।”

11 अब, यो धर्मशास्त्रको शिक्षा पश्चात, यसले पक्कै पनि धेरै विचार र अन्य त्यस्ता कुराहरु जगाउनेछ। र म प्रार्थना गर्छु, परमेश्वर, अब यी सबै प्रश्नहरु यति मिठो र नम्रताका साथ सोधिएको जस्तो देखिन्छ, पवित्र आत्माले तिनीहरुलाई नम्र र मिठो उत्तर दिनुभएको होस्। किनकि हामी यो येशूको नाउँमा माग्दछौ, र परमेश्वरको महिमाको निम्ति, र उहाँको मण्डलीको उत्थानको निम्ति। आमेन।

12 त्यहाँ धेरै पटक कुनै कुराको लागि स्वार्थी मनशाय हुन्छ, जसले यसको सम्पूर्ण स्वादलाई बर्बाद गरिदिन्छ। र अहिले, धर्मशास्त्र सम्बन्धी प्रश्नहरु सोधिएको छ।

13 अब, यदि आज राति मैले थोरैमात्रै आवाज निकाले भने, मेरो दाँत बाहिर निक्ली आउछ। र म यसलाई भित्र राख्दा, र म प्रचार गर्न सक्दिन, म प्रचार गर्दा सुस्त हुन्छु; म यसलाई बाहिर निकाल्छु, तब म लगभग सिट्टी नै बजाउछु।

14 श्रीमती बिल्ली ग्राहमले श्रीमानको बारेमा एउटा कथा भनिन्, उहाँलाई सबैभन्दा खराब उत्तेजित भएको उनले देखेको, त्यो बेलामा थियो, जब उनले उहाँको दाँत अगाडि आएको देखेकी थिईन्। र उहाँले त्यो हराउनुभयो, र उहाँसंग एउटा टेलिभिजन कार्यक्रम थियो, र—र उहाँले सक्नुभएन…त्यो एउटा थालमा थियो जसमा अझै केहि पछाडिका दाँत थिए। र जब उहाँ बोल्न जानुहुन्थ्यो, उहाँको दाँतले “ह्यु, ह्यु,” सिट्टी बजाउथ्यो। र उनले भनिन् कि उहाँ आफ्नो घुडामा टेक्नुभयो, प्रार्थना गर्दै र पसिना निकाल्दै, टेलिभिजन प्रसारण हुनभन्दा दस मिनेट अगाडि, र अन्ततः उहाँहरुले यसलाई भेट्टाउनुभयो जहाँ त्यो उहाँको पत्लुंगको एउटा जोडिबाट उहाँको जुत्ताको खुट्टामा खसेको थियो। एउटा कर्मचारीले यो भेट्टायो, त्यो नक्कली दाँत। र श्रीमती ग्राहमले यो उहाँलाई, र यहाँ बताउनुभएको थियो। र त्यसैले मैले यो एउटा सानो कागजको टुक्रामा पाए, मलाई लाग्छ मसंग ठिक यहाँ मेरो बाईबलमा छ।

15 र त्यसैले यो एक प्रकारको हुन्छ…जब हामी थोरै बुढो र जीर्ण हुन्छौ, तपाईलाई थाहा छ, र यी कुरा गुमाउनु पर्छ, यसले झन् खराब बनाउँछ।

र त्यसैले म...जब म त्यहाँ पछाडि भाई रोबरसन, र तिनीहरुसंग थिए, एउटा बिहान मैले यसमा ब्रस गर्दै थिए र यसबाट एउटा टुक्रा भाँचे, र मैले यसलाई चिकित्सककोमा लान पर्यो, यसलाई ठिक गर्नको लागि। त्यसैले प्रभुले आफ्नो आशिषहरु थप्नुभएको होस्।

16 अब हामी जाँदैछौ, अहिले, म सबैबाट भएर जाने कोशिष गर्नेछु, यदि मैले सक्छु भने। र, भाई टोनी, परमेश्वरको अनुग्रहद्वारा, मैले तपाईको सपनाको व्याख्या पाए, र यो अद्भूत थियो। म त्यो देख्दा धेरै खुसी छु। र यो एउटा असल उल्था हो, जुन मलाई लाग्छ मैले सार्वजनिक रूपमा यहाँ दिनुहुदैन, त्यसैले म तपाईलाई निजी रुपमा दिनेछु यदि तपाई—यदि तपाई...यदि तपाई त्यस तरिकामा चाहनुहुन्छ भने। उहाँले मलाई अर्को रातमा सोध्नुभयो, उहाँले एउटा सपना देख्नुभयो, र प्रभुमा गएर यसको बारेमा प्रार्थना नगरेसम्म यो के थियो भनि मैले उहाँलाई भन्न सकिन। तब प्रभुले मलाई यो प्रकाश गर्नुभयो र यसको व्याख्या के हो सो भनिदिनुभयो। यो अद्भूत छ, र तपाईको लागि खुसीको खबर छ, भाई टोनी।

17 अब, पहिलो प्रश्नमा। अब, मलाई थाहा छैन पहिलो कहाँबाट शुरू गर्ने भनि, किनभने तिनीहरु सबै राम्राहरु छन्। तर, अब, हामी धेरै लामो समय लिने कोशिष गर्छौ, र यदि हामीले त्यसबाट भएर गएनौ भने, शायद हामीले त्यसलाई आईतबार सकाउनेछौ।

**51. मत्ती २५:४६ मा "अनन्त दण्ड" यसको अर्थ के हो भनि व्याख्या गर्नुहोस्। "तर..."** त्यो प्रश्न हो।

**52.** त्यसपछि, दोस्रो प्रश्न: **"तर राज्यका सन्तानहरु बाहिरी अन्धकारमा फालिनेछन्," के त्यो परमेश्वरको दिमागबाट तिनीहरुलाई बाहिर निकाल्नु जस्तै हो?**

18 ठिक छ, अब, तपाईको पहिलो प्रश्न लिनुहोस्, जुन सन्त मत्तीमा पाइन्छ, पच्चि–...पच्चीसौ अध्यायमा। अब हामी...अब, मैले यो कहिल्यै पनि अध्ययन गरेको छैन, बस त्यसलाई त्यहाँ पछाडि हेरे, र बस तिनीहरुलाई म—मलाई थाहा भएसम्म राम्ररी हेर्न कोशिष गरे। र मेरो... हामी अध्ययन गर्दै गर्दा, तपाई मसंग तपाईको बाईबलमा पल्टाउनुहोस्। अब, म यसलाई ग्रिक शब्दकोषबाट पनि ल्याउन चाहन्छु, ताकी तपाईले—यसको सक्कल पाउनुहुन्छ। र म—मलाई त्यो मन पर्छ। त्यसैले त्यसपछि हामीसंग यो दुबै—दुबै—ग्रीक र अर्कोमा हुनेछ। र अब यो—

यो एक प्रकारको ढिलो हुनेछ, र अध्ययन गर्दै, किनकि म जानुपर्छ र जहाँ मैले त्यो भेट्टाउन सक्छु त्यहाँ धर्मशास्त्रहरु समात्छु, र तिनीहरुलाई ठिक ठाउँमा राख्छु। ठिक छ।

19 अब, कोहि बाईबल अध्ययन गर्न चाहनुहुन्छ? यदि तपाई चाहनुहुन्छ भने, आफ्नो हात उठाउनुहोस्। र हामी...मलाई लाग्छ हामीसंग त्यहाँ पछाडि तिन वा चारजना छन्। यदि तपाई धर्मशास्त्रबाट अध्ययन गर्न चाहनुहुन्छ भने, ठिक छ। भाई कक्स, के तपाई यहाँ आएर मेरो लागि यी बाईबलहरु ल्याउन सक्नुहुन्छ? र यो—यो तपाईको लागि राम्रो हो, यदि तपाईले सक्नुहुन्छ, भने...(त्यहाँ एउटा छ, र तपाई मात्रै—तपाईले बस त्यसलाई तल लानुहोस् यदि तपाई चाहनुहुन्छ भने, ती धेरै)। र जो कोहि पनि एउटा चाहनुहुन्छ, बस तपाईको हात समाउनुहोस्, र केटाले ती ठिक तपाईकहाँ ल्याउनेछ, हेर्नुहोस्। र हामी यी संगै अध्ययन गर्न चाहन्छौ, र केवल...

20 अब, यो पढाई र अन्तिम अध्यायहरुमा...हिब्रूको पुस्तकको पहिलो सात अध्यायहरु। सिकाईसके पछि, अवश्य पनि, जुन केटाले यी तल ल्यायो, यी विषयहरु, भाई मर्सियर र भाई गोड, ती पाउनुभएको छ र त्यसलाई पुस्तकको रूपमा प्रकाशित गर्ने तयारी गर्दै हुनुहुन्छ। र तिनीहरुले यो पाए। अब...र हामीसंग त्यस्तो आधी जत्ति पनि छैन, हामीले भर्खरै सतहलाई कोट्टाएका छौ। र मलाई लाग्छ तिनीहरुले तिनीहरुलाई भनिदिएका छन्...र उनीहरुले—नगेट्स निकालेका छन्... र बस महत्वपूर्ण कुराहरु चम्काउदैछौ, हिब्रूको शिक्षाको केहि महत्वपूर्ण कुराहरु। भाई मर्सियरले तिनीहरुलाई चाडै नै छाप्नुहुनेछ, प्रकाशनमा, जो कोहिले तिनीहरुलाई चाहन्छन्।

21 अब यो यहाँ भित्र, यसले भित्र ल्याउँछ...तपाई केवल यहाँबाट जान सक्नुहुन्न...सुसमाचारीय मण्डलीमा, जुन यो सुसमाचारीय मण्डली हो। तपाई एउटा—एउटा शिक्षामा धेरै मानिसहरुको संका र विचारहरु नजगाई जान सक्नुहुन्न। तपाईले गर्नुपर्छ। अब, म एउटा शिक्षक हुने कुराबाट धेरै पर छु, म एउटा बाईबल व्याख्याकर्ता होइन। तर मैले कहिल्यै पनि—केहि भन्न खोज्दिन, वा केहि गर्न समेत खोज्दिन, तर पहिलो—पहिलो सोधेर वा यसको लागि मेरू उत्तम कुरा नखोजी गर्ने गर्दिन।

22 यो मेरो प्रिय भाईले गत राति, सोध्नुभएको थियो, उहाँले भने, "भाई

ब्रन्हाम, भाई सेवार्डले एक पटक भन्नुभएको थियो कि तपाई—तपाईले आफैलाई कतै अड्काउन सक्नुहुन्न। बुझ्नुभयो, कि तपाईले सधै कुनै बाटो निकाल्नुहुन्छ त्यसबाट बाहिर निस्कनको लागि वा त्यसबाट पर जानको लागि।"

23 मैले भने, "ठिक छ, त्यसको कारण हो, म सधै केहि काम गर्नुभन्दा अगाडि सोच्ने प्रयास गर्छु। बुझ्नुभयो? र त्यसपछि यदि कुनै मानिसले मलाई सोध्नुहुन्छ, तब म मेरो विचारहरु के थियो भनि तिनीहरुलाई भन्न सक्छु। बुझ्नुभयो?" तर यो यदि तपाईलाई सहि छ लाग्छ भने। र तपाईले केहि काम गर्नुभन्दा अगाडि, त्यो पक्ष लिने कोशिष गर्नुहोस् जुन परमेश्वरले तपाईलाई लिनको निम्ति चाहनुहुन्छ, तब यो वास्तवमै तल पिन गर्न गाह्रो हुनेछ।

24 तपाईले त्यो समय कल्पना गर्न सक्नुहुन्न कि—कि अहाबले एलियाहलाई तल पार्न खोजेको थियो। के तपाई फरिसीहरुले येशूलाई गिराउन खोजेको समय कल्पना गर्न सक्नुहुन्छ? बुझ्नुभयो, उहाँ—उहाँसँग छिट्टै जवाफ थियो, उनले गरेको सबै कामको कारणले, उनले यो परमेश्वरको इच्छाद्वारा गरे, र उनले...त्यो तरिकामा उनले—उनले यो पाउन सक्थ्यो। अब, त्यहि नै तरिकामा हामी यो चाहन्छौ।

अब प्रश्न गरिएको छ, हामी प्रश्न संगै राख्छौ:

**मत्ती २५:४६ मा "अनन्त दण्ड" बाट यसको अर्थ के हो भनि व्याख्या गर्नुहोस्।**

25 अब ध्यान दिएर सुन्नुहोस्। सबैजना अब, मत्ती २५:४६:

*र यी अनन्त दण्डमा जानेछन्:...*

26 अब, प्रश्न यो हो, "के...व्याख्या..." अब *सदाकाल* शब्द "सधै सधैको लागि" शब्दबाट आउछ, र *सधै* "समयको एउटा स्थान हो।" यसको अर्थ "धेरै समय" मात्रै हो, जस्तो *सदाको* लागि हो। अब यदि तपाई बस पढ्नुहुन्छ भने...मलाई थाहा छैन कसले प्रश्न लेख्नुभयो, किनकि कसैले पनि त्यसमा आफ्नो नाम राख्नुभएको छैन; यो हुनुपर्दैन थियो, म ती चाहन्न, हेर्नुहोस्।

तर *यी अनन्त दण्डमा जानेछन्:...*(अब हेर्नुहोस्, त्यो दुष्ट हो।)

27 अब, प्रिय—प्रिय व्यक्ति जसले प्रश्न सोध्नुभयो, मात्र यसको बाकि रहेको पढ्नुहोस्:

> ...*तर धर्मी जनहरू अनन्त जीवनमा* प्रवेश गर्नेछन्।

28 दुष्ट अनन्त दण्डमा जानेछन् (निश्चित समय अवधि), तर धार्मिकसंग अनन्त जीवन छ। तपाईले कहिल्यै पनि अनन्त दण्ड पाउनुहुदैन, हुन सक्दैन। हेर्नुहोस्, यदि उनीहरुले अनन्त दण्ड पायो भने, तिनीहरुले अनन्त जीवन पायो; तिनीहरुले अनन्त जीवन पायो, उनीहरु बाचेका छन्। हेर्नुहोस्, यो हुनसक्दैन। अब यदि तपाईले ध्यान दिनुहुन्छ भने, प्रश्न आफैले सोधेको छ...स्वयमले जवाफ दिन्छ। बुझ्नुभयो?

> *र यी...*

अब हेर्नुहोस्, म यहाँ अगाडि आउनेछु:

> ...र *तिनीहरु...*

29 २० औं...४४ औं पदमा:

> ...र *तिनीहरुले पनि* जवाफ दिए, उहाँलाई भने, *प्रभु,* हामी *कहिले भोकाउनेछौ*, जब तिर्खाले, र *एउटा अन्जान*, र *नाङ्गो* देख्यौ,...र *झ्यालखानामा* देख्यौ, *र तपाईको सेवा गरेनौ?*
>
> *तब—तब उसले तिनीहरुलाई जवाफ दिनेछ, यसो भन्दै, साचै साचै म तिमीहरुलाई भन्दछु, यी* सबैभन्दा *सानाहरूमध्ये एक जनालाई* जे–जति *गरेनौ*...त्यो *तिमीहरूले...मेरो* निम्ति *गरेनौ।*
>
> *तब यिनीहरू अनन्त* (अदाकाल) *दण्डको भागी हुनेछन्:* (त्यो दुष्ट हो)...*तर धर्मीहरु* अनन्त जीवनमा जान्छन्।

30 फरक देख्नुभयो? दुष्टको अनन्त सजाय हुन्छ, तर *अनन्तको* लागि “समयको अन्तराल” हो। अब, यदि यो उस्तै हुने भए, यो लेखिएको हुनेथियो, “तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्’।” बुझ्नुभयो? वा, “ “तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्’।” हेर्नुहोस्, यदि त्यहाँ अनन्त दण्ड छ भने, सदाको लागि दण्डित हुनको लागि, तब त्यहाँ अनन्त...उहाँसंग अनन्त जीवन छ; र मात्र एउटा अनन्त जीवन, र त्यो परमेश्वरबाट आउछ। सबैकुरा जसको शूरुवात छैन

त्यसको अन्त्य हुदैन, शूरुवात भएको सबैकुराको अन्त्य छ। मेरो मतलब के हो हेर्नुहोस्?

31 अब, धर्मशास्त्र आफैले जुन—प्रिय व्यक्तिले जवाफ दियो...अब यदि तपाईले यसलाई शब्दकोशमा लिनुहुन्छ भने, *"र यी ऐनियनमा जानेछन्, काट्दै, र सदा–...र आगोमा, अतल कुण्डमा।"* अब, शब्द *ए–आई–एन–आई–ओ–एनको* अर्थ "दण्डको ठाउँ" हो। ग्रीक शब्दकोशमा, ठिक यहाँ, "दण्डको स्थान," या, "दण्डको समय।" हेर्नुहोस्, "तिनीहरु दण्डको समयमा जानेछन्।" शब्द प्रयोग गरिन्छ, ए–आई–एन–आई–ओ–एनको। *ऐनियन*, जसको अर्थ "समय, समयहरु, सीमित समय।" त्यसपछि यसलाई फर्काएर—यहाँको अनुवादमा लिनुहोस्, अङ्ग्रेजी, *सदाकाल* "सीमित समय" हो। हेर्नुहोस्, यो ग्रीकबाट आएको छ, "समयको सीमा।" *ऐनियन* शब्द, वा *ए–आई–एन–आई–ओ–एन*, *ऐनियन* अर्थ "सीमित दण्डको समय हो।"

32 तर त्यसपछि अर्को पढ्नुहोस्, "तर यो अनन्तमा जानेछ।" त्यो फरक हो। हेर्नुहोस, अनन्त जीवन। *अनन्त* शब्द "अनन्तता" बाट आउँछ, र अनन्तताको न त शुरू थियो न अन्त्य थियो। यो सदा र सदाको लागि हो। अब त्यसले त्यसको उत्तर दिएको हुनुपर्छ, हेर्नुहोस्, किनभने यदि तपाईले धर्मशास्त्रलाई नजिकबाट हेर्नुहुन्छ भने, तपाईले देख्नुहुनेछ।

33 *"र यी अनन्त दण्डमा जानेछन्, तर धर्मी..."* दुष्ट सदाकालको लागि दण्डमा जानेछ, समयको केहि दौरानसम्म दण्ड भोग्नेछ; हुनसक्छ एक अरब वर्ष, मलाई थाहा छैन, तर तपाई आफ्नो पापहरुको लागि निश्चय नै दण्डित हुनुहुनेछ। तर जत्तिको पापको शुरूवातको निश्चितता थियो, पापको अन्त्य पनि छ। दण्डको शुरूवात थियो, र दण्डको अन्त्य छ। र नरक दुष्ट र त्यसका दुतहरुका लागि सृष्टि गरिएको थियो। बुझ्नुभयो? ठिक छ। अब, मसंग यहाँ तल अर्को छ त्यसमा उत्तर दिनको लागि, बस केहि मिनेटमा, जुन सुन्दर छ, त्यसमा बाँध्न चाहन्छु।

> अब, तर यी यहाँ: **"तर राज्यका सन्तानहरु बाहिर अन्धकारमा फालिनेछन्," के त्यो परमेश्वरको दिमागबाट तिनीहरुलाई बाहिर निकाल्नु जस्तै हो?**

34 होइन, यो उस्तै नै हुनेछैन। अब, तपाईले यहाँ विवाह भोजलाई संकेत गर्दै हुनुहुन्छ। अब, "र राज्यका सन्तान," जस्तो यहाँ सोधिएको

थियो। राज्यका सन्तानहरु यहूदीहरु हुन्, र तिनीहरु बाहिरी अन्धकारमा फालिएका थिए। र तिनीहरु—तिनीहरु बाहिरी अन्धकारमा फालिएका छन्, र तिनीहरु रुने र कराउने र दाँत किट्ने समयबाट भएर गएका छन्। तिनीहरु बाहिरी अन्धकारमा फालिएका थिए किनभने यसले तपाई र मलाई पश्चाताप गर्नको लागि ठाउँ दिन्छ, तर तिनीहरु कहिल्यै पनि परमेश्वरको विचारबाट बाहिर निकालिएका थिएनन्। उहाँले कहिल्यै पनि इस्राएललाई भुल्नु हुनेछैन। र इस्राएल, कुनै पनि बाईबलको पाठकलाई थाहा छ, त्यसलाई "राज्यका सन्तानको रूपमा" भनिएको छ। हेर्नुहोस्, यो राज्य हो, प्रतिज्ञा। अर्को शब्दमा भन्दा, परमेश्वर राष्ट्रसंग व्यवहार गर्दै हुनुहुन्थ्यो, जब उहाँले इस्राएलसंग व्यवहार गर्दै हुनुहुन्थ्यो, जुन राज्यको सन्तान थियो।

35 अब, तपाई स्मरण गर्नुहोस्, उहाँले त्यहाँ भन्नुभयो, "र अब्राहाम र इसाहाक र याकूब," एउटा स्थानमा, "अन्तिम समयमा आउनेछ र राज्यमा बस्नेछ।" हेर्नुहोस्, र अब्राहाम, इसाहाक र याकूब राज्यमा हुनेछन्; उनीहरु, उनीहरु राज्यका आशिषित मानिसहरु थिए। तर राज्यका सन्तानहरु बाहिरी अन्धकारमा फालिनेछ।

36 अब, यहाँ सन्दर्भ दुलहाबाट—आउछ। जब दुलहा आउनुहुन्छ, जब तिनीहरु...पाँचवटा कन्याहरु प्रभुलाई भेट्न बाहिर गए, र—र तिनीहरुले आफ्नो बत्तीमा तेल लिएनन्। र अन्य पाँचजनाले तिनीहरुको बत्तीमा तेल लिए। अब, यदि तपाईले ध्यान दिनुहुन्छ भने, यो एउटा सुन्दर तस्बिर हो, दुवै यहूदी र अन्यजातिसंग, बहिस्कृतको रूपमा। त्यो ध्यानमा राख्नुहोस्, त्यहाँ हरेक समयमा तिन वर्गका मानिसहरु हुन्छन्: यहूदी, अन्यजाति (औपचारिक),...; यहूदी, अन्यजाति, र मण्डली। यदि तपाईले ती कुराहरु मिसाउनुभयो भने, तपाई पक्कै पनि समस्यामा जानुहुनेछ जब तपाईले प्रकाश पाउनुहुन्छ। किनकि यदि तपाईले गर्नुहुन्न भने...

37 जस्तो श्रीमान बोहानोनले मलाई एकपटक भन्नुभएको थियो, भन्नुभयो, "बिल्ली, जो कोहिले पनि प्रकाश पढ्ने कोशिष गर्छ भने त्यसले भयभित हुन्छ। किन," उसले भन्यो, "यहाँ एउटा दुलही यहाँ तल पृथ्वीमा छ, र अजिङ्गरले—उसको मुखबाट उसको विरुद्धमा लडाई गर्नको निम्ति पानी निकाल्छ।" र भन्नुभयो, "त्यसपछि त्यहि समयमा दुलही एक लाख चौवालिस हजारको रूपमा उभिरहेकी छिन्" (यहोवाको साक्षीको

सिद्धान्त) "सिनाईको डाँडामा। र त्यहि समयमा दुलही स्वर्गमा छिन्।" होइन, होइन, तपाई गलत हुनुहुन्छ।

38 त्यहाँ तिन वर्गका मानिसहरु हुन्छन्। हेर्नुहोस्, ती, बहिष्कृत यहूदीहरु, र त्यहाँ सुतेकी कन्या छिन् जुन पानीमा...यो स्त्रीको सन्तान होइन, यो स्त्रीको सन्तानको बाकि रहेका भाग हुन् जुन अजिङ्गरले आफ्नो मुखबाट पानी निकालेको थियो...प्रकाश ११। र त्यसपछि, वास्तवमा, एक लाख चौवालिस हजार विल्कुल दुलही थिएनन्, तिनीहरु दुलही मण्डलीको बाँकी रहेका भाग थिए। र यहोवाको साक्षीको सिद्धान्त जसले तिनीहरुलाई दुलहीको रूपमा राख्छ, म देख्दिन तपाईले त्यो कसरी गर्न सक्नुहुन्छ, किनभने, यो दुलही होइन।

39 यदि तपाईले त्यहाँ प्रकाशमा ध्यान दिनुहुन्छ भने, यसले भनेको छ, "र तिनीहरु कन्याहरु हुन्।" र तिनीहरु नपुंसकहरु हुन्। र नपुंसक के थियो? तिनीहरु...नपुंसक मन्दिरका पहरेदारहरु थिए जसले रानीको रक्षा गर्थे, किनभने तिनीहरु...हो...तिनीहरु पुरुषहरु थिए जो बाँझ पारिएका थिए। तिनीहरुले...के तपाईले ध्यान दिनुभयो, भन्नुभयो, "तिनीहरुले आफैलाई स्त्रीहरुसंग अशुद्ध पारेका थिएनन्"? तिनीहरु मन्दिरका नपुंसक थिए। र यो एउटा चुनिएको संख्या थियो जुन परमेश्वरले चुनिएका यहूदीहरु मध्येबाट लिनुभएको थियो। अब, यदि तपाईले ध्यान दिनुभयो भने...यदि हामीले यो केवल एक क्षणमा पाउछौ भने, त्यसैले यो एक प्रकारले तपाईको दिमागमा बस्नेछ, जहाँ तपाईले वास्तवमै...

40 आउनुहोस् प्रकाशमा जाऔ, ७ औ अध्याय, र हामीले यहाँ अब पाउनेछौ, जहाँ...यसले के भनेको छ। यो एउटा सुन्दर कुरा हो:

> *र यो पछि...मैले चार स्वर्गदूतहरु पृथ्वीको चारै कुनामा उभिरहेको देखे,...* (अब, यसले इजिकिएल ९ लाई समानान्तर गर्छ, जहाँ उनले यहूदीको विनाश देखेका थिए। र यहाँ उनले अन्यजातीका विनाश देख्छन्, प्रकाश, ७ औ अध्याय) ...र *मैले चार स्वर्गदूत पृथ्वीको चारै कुनामा उभिरहेको देखे, चार बतासलाई समात्दै* (*बतासको* अर्थ "युद्ध र कलह") ...*ताकि पृथ्वीमा, न त समुन्द्रमा,...*वा कुनै रूखमा बतास *नचलोस्*। (र त्यो युद्ध हो, "थामिरहेको")

41 ओ, यस प्रश्नमा यदि हामीसंग विस्तारमा जाने समय थियो भने। त्यो

भयो...त्यहिनिर रसल मिसिए। यो आउदै गरेको देखेर, रसलले अगमवाणी गरे। उनले "यो प्रभु येशूको आगमन हुनेछ" भनि अगमवाणी गरे, यो मण्डलीलाई मोहोर लगाउने काम हो—भनि थाहा नभएर। बुभ्नुभयो?

42 र तिनीहरु अचम्म मान्छन् कसरी विश्व युद्ध...पहिलो विश्व युद्ध। हेर्नुहोस्, यो नोभेम्बर ११ मा रोकियो, दिउसोको एघार बजे; एघारौ महिना, एघारौ दिन, र एघारौ घण्टा। र त्यस पछि तुरुन्तै, येशूको नाउँमा पानीको बप्तिष्मा र मण्डलीलाई पवित्र आत्माको बप्तिष्मा प्रकाश भयो। ठ्याक्कै, त्यस पछि तुरुन्तै।

43 यदि तपाईले यसलाई प्रकाशमा लिनुभयो भने, कसरी हामीले यसलाई संगै बाँध्यौ, र फिलाडेल्फियन युग र लाउडिकियाको बीचमा। र मेथोडिष्टसंग फिलाडेल्फियन युग थियो, भातृ प्रेम। र अन्तिम युग, मण्डलीको युग, जुन लाउडिकियाको युग, जुन मनतातो युग हो। र उहाँले भित्र त्यहाँ, "मैलेक तिमीहरुको अगाडि ढोका (खुला ढोका) तयार पारेको छु।" एउटा खुला ढोका! र यदि तपाईले फर्काएर ती धर्मशास्त्रहरु उल्लेख गर्नुहुन्छ भने, यसले समस्त सन्देश ठिक एउटा ठाउँमा बाध्छ भने, तपाईलाई ठिक तरिकाले देखाउन।

44 हेर्नुहोस्! यहाँ कि सबै कुरा पिता, पुत्र, पवित्र आत्मा, बप्तिष्मामा, (जुन हामी यसमा सिधै जानुपर्छ) जुन विल्कुलै क्याथोलिक सिद्धान्त थियो र कहिल्यै इसाई सिद्धान्त थिएन। होइन, श्रीमान। म केवल...हामीले यो ठिक यहाँ पाउछौ, आज राति, भित्र आउनको लागि; शब्दकोषसंग, पनि। बुभ्नुभयो? हो, श्रीमान, र इतिहाससंग पनि। कहिल्यै पनि कोहि पनि बाईबलमा त्यसरी बप्तिष्मा भएको थिएन, वा बाईबल पछि पहिलो छ सय वर्षसम्म पनि थिएन। र म ठिक यहाँ प्रमाणित गर्न सक्छु क्याठोकिकको आफ्नै सिद्धान्तबाट, कि तिनीहरु नै हुन् जसले यो शुरू गरे, छिर्काउ र खन्याउने।

45 तिनीहरु त्यहाँबाट निस्केर वेस्लीयन मण्डलीमा आए, अनि मेथोडिष्ट मण्डलीमा आए, मेथोडिष्टले ब्याप्टिष्टमा ल्यायो, ब्याप्टिष्टले यसलाई ल्यायो, र यो अझै पनि झुटो सिद्धान्त हो! र बाईबलमा फर्केर आउन सक्छ अनि तपाईलाई प्रमाणित गर्न सक्छु कि बाईबलले त्यहाँ भनेको छ "तपाई जिउने एउटा नाउँ छ, तर तपाई मृत हुनुहुन्छ।" त्यो एकदम सहि हो। र तिनीहरुसंग...

46 म प्रमाणित गर्नसक्छु कि बाईबलले सिकाएको छ कि तिनीहरुले उहाँको नाउँ अन्धकारको युगसम्म प्रयोग गर्नेछन्, चौथौ मण्डलीको—युग अनुसार...मण्डलीको—युग, पर्गामोस मण्डलीको युग। र उहाँले भन्नुभयो, त्यहाँ, त्यो पन्ध्र वर्षको अन्धकारको युगको समयमा, हरेकले, भन्नुभयो, "तिमीसंग थोरै ज्योति बाकि छ, किनकि तिमीहरुले मेरो नामलाई इन्कार गरेका छैनौ।"

47 जब यो अर्को युगमा त्यहाँ आयो, क्याथोलिकको युगमा, उहाँले भन्नुभयो, "तिमीहरुसंग एउटा नाम छ जुनमा तिमीहरु 'जिउदछौ,' तर तिमीहरु मृत छौ! र तिमीहरुले मेरो नामलाई इन्कार गरेका छौ।" त्यहाँ तपाई हुनुहुन्छ। बुझ्नुभयो? यो सबैले एउटा ठूलो सुन्दर तस्बिरलाई संगै बाध्छ, समस्त बाईबललाई।

48 अब यो ध्यान दिनुहोस्:

> ...*चार बतासलाई समातेर*...
>
> *र मैले अर्को स्वर्गदूत* स्वर्गबाट *माथि आउदै गरेको देखे*, *जीवित परमेश्वरको छाप सहित:*...(छाप)

49 अब, जीवित परमेश्वरको छाप के हो? अब, तपाई एडभेन्ट दाजुभाईहरु यो भन्न जानुहुनेछ, "सबाथको दिन राख्नु।" तपाईले मलाई त्यो धर्मशास्त्रमा देखाउनुभएको म चाहन्छु। यो त्यहाँ छैन। एउटा पनि ठाउँले यो गरेन...यो—यो छाप...

50 यदि तपाईले एफिसी ४:३० पढ्नुहुन्छ भने, छिट्टै, तपाईले थाहा पाउनुहुनेछ परमेश्वरको छाप के हो भनेर। एफिसी ४:३० ले भन्छ, "अनि परमेश्‍वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।" अर्को जागृतिसम्मलाई होइन, तर अनन्त सुरक्षा पाएको छ (अ–ह)। "अनि परमेश्‍वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।" हेर्नुहोस् यदि एफिसी ४:३० ले त्यो भन्दैन भने, त्यसपछि तपाईको सिमान्त पढाईललाई लिनुहोस् र बाकि रहेका सबै धर्मशास्त्रबाट भएर जानुहोस्, र भेट्टाउनुहुन्छ। अब, "जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। जीवित परमेश्वरको छाप सहित।"

51 अब, याद गर्नुहोस्, पवित्र आत्मा पवित्र आत्माको बप्तिष्माको रूपमा पहिलो विश्व युद्धभन्दा अगाडि सिकाईएको थिएन। हामीले भर्खरै हाम्रो—हाम्रो स्वर्ण जयन्ती, चालिस वर्ष, वा जयन्तीको चालिसौ वर्ष मनायौ।

> ...*यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर,* वा *पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें,*
>
> *यो भनिरहेको, पृथ्वी र समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई,* वा कुनै रूख, जबसम्म *हामीले दासहरुलाई मोहोर लगाउदैनौ...* (अब तपाई तल आफ्नो प्रश्नमा जाँदै हुनुहुन्छ, *"बच्चाहरु,"* हेर्नुहोस्)...*हाम्रा परमेश्वरको दासहरु तिनीहरुको* निधारमा। (हानि नगर, पृथ्वीलाई नष्ट नगर, एउटा परमाणु बम फुट्न नदेऊ, हाम्रा परमेश्वरका *दासहरुमा* छाप नलागेसम्म पूर्ण कुरा हुनेछैन)

52 अब, यदि हामीले त्यसलाई फर्काएर लान सक्ने भए र त्यहाँ पछाडि हेर्न सके, कसरी त्यो—त्यो *विश्व युद्धको पतनमा* समेत, दोश्रो खण्डमा, जब जनरल एलेनबाईले यरूशलेमको रेखालाई नहानेसम्म लडेका थिए, र उनले बेलायतका राजालाई सूचना पठाए, र भने, "म शहरको पवित्रताको खातिर, त्यसमा बमबारी गर्न चाहन्न।" उहाँले भन्नुभयो, "म के गरूँ?"

53 उहाँले भन्नुभयो, "प्रार्थना गर्नुहोस्।"

54 र उनी त्यसको माथि फेरी उडे, र जब उनले त्यसो गरे, तिनीहरुले भने, "एलेनबाई आउदैछन्।" र त्यहाँ मुसलमानहरु त्यहाँ थिए, उनले यसो भने भन्ने सोचे, "अल्लाह आउदै हुनुहुन्छ।" र तिनीहरुले सेतो झण्डा फहराए र आत्मसमर्पण गरे र एलेनबाई यरूशालेमतिर लम्के र एउटा गोलि पनि नाचलाईकन यसलाई नियन्त्रणमा लिए, अगमवाणी अनुसार, त्यो सहि हो, र फर्काएर यहूदीकहाँ गयो।

55 त्यसपछि तिनीहरुले यहूदीलाई सताउनको लागि एउटा हिटलरलाई उठाए, र सारा संसारभरि, र तिनीहरुलाई त्यहि फर्काएर लखेटे।

56 र बाईबले उहाँले गर्नुहुनेछ भनि यसो भनेको छ "तिनीहरुलाई चीलका पखेटाहरुमा फर्काएर ल्याउनुहुनेछ।" र जब तिनीहरु फर्केर आउन थाले...द *लाइफ* पत्रिका र तिनीहरुले यसलाई केहि हप्ता अगाडि बोकेका थिए, जहाँ तिनीहरुले तिनीहरुलाई, हजारौको संख्यामा फर्काएर यरूशलेममा

ल्याए, र तिनीहरुले ती पुरानाहरुलाई तिनीहरुका ढाँडमा बोकेर ल्याए। तिनीहरुको अन्तर्वाता लिईयो। मसंग सबै रिल र तस्बिरमा छ। र उसले भन्यो...त्यहाँ दाऊदको चार–तारेको झण्डा झुण्डिएको थियो, त्यहाँ झुण्डिएको थियो; संसारमा सबैभन्दा पुरानो झण्डा, यो दुई हजार वर्षमा पहिलो पटक फहराईएको थियो।

57 येशूले भन्नुभयो, "जब अंजिरको रूखले आफ्नो पालुवा फेर्छ, यो पुस्ता बितेर जानेछैन।"

58 र यहाँ तिनीहरुले ती पुरानाहरुलाई भित्र लिएर आईरहेका छन्, र भने, "के? के तिमी मातृभूमिमा मर्नलाई फर्केर आएको?"

59 भन्यो, "होइन, हामी मसिहलाई हेर्न आएका हौ।"

60 र, भाई, म तपाईलाई भन्छु, हामी ढोका मै छौ! त्यहाँ दासहरु छन्, तिनीहरु जो पारी पर्खिरहेका छन्। यो यहूदीको झुण्डहरु होइन जसले यदि सक्छ भने तपाईलाई आफ्नो नक्कली दाँतले झुक्काउछन्, उहाँले बोलिरहनुभएको यहूदी ती होइनन्। तर यो तिनीहरु तल भएकाहरु हुन् जसले व्यवस्था—र त्यस्ता कुराहरु पालन गरेका छन्, र त्यहाँ मसिह हुनुहुन्थ्यो भनि कहिल्यै थाहासम्म पाएका थिएनन्।

61 र भाई...स्टकहोममा, भाई पेट्रसले, तिनीहरुलाई दस लाख नयाँ करारका पुस्तक पठाउनुभयो, र जब तिनीहरुले ती पाए तिनीहरुले ती पढ्दै थिए। तिनीहरुले भने, "ठिक छ, यदि यो मसिह हुनुहुन्छ भने, उहाँले एउटा अगमवक्ताको चिन्ह गर्नुभएको हामीलाई देखाउनुहोस्, अनि हामी उहाँलाई विश्वास गर्नेछौ।"

62 मेरो सवकाईको लागि कस्तो व्यवस्था! म यरूशलेमको ढोकाबाट दुई घण्टा भित्र थिए, भित्र जानको लागि, र म कायरो, मिश्रमा थिए। र म त्यहाँ हिड्दै थिए, र पवित्र आत्माले भन्नुभयो, "अहिले नजाऊ।"

63 मैले सोचे, "म केवल कल्पना मात्रै थिए। मैले टिकेट किनिसकेको थिए, म मेरो बाटोमा थिए। मानिस त्यहाँ बाहिर मलाई भेट्नको लागि छ, सबै समूह, विद्यालय र अन्य त्यस्तै।"

64 म अलिकत टाढासम्म अगाडि बढे, अनि आत्माले भन्नुभयो, "नजाऊ! तिमी नजाऊ।"

65 म फर्केर टिकट एजेन्टकोमा गए, मैले भने, “म यो टिकट रद्द गर्छु। म माथि एथेन्स, ग्रिस, मार्स हिलसम्म जान चाहन्छु।

66 र उसले भन्यो, “ठिक छ, तपाईको टिकट यरूशलेमसम्म हो, श्रीमान।”

67 मैले भने, “म यरूशलेमको सट्टामा एथेन्स जान चाहन्छु।” पवित्र आत्मा पर्खिरहनुभएको थियो, त्यो घडी अझै पनि आएको छैन। यो बस सहि होइन।

68 हेर्नुहोस्:

> ...*हाम्रा परमेश्वरको दासहरुलाई* निधारमा *मोहोर नलाएसम्म,*
>
> *यसो भन्दै, पृथ्वीलाई हानी नगर,...जबसम्म...हाम्रा परमेश्वरका दासहरु तिनीहरुको* निधारमा *मोहोर लगाउदैनन्।* (जो कोहीलाई पनि थाहा छ त्यो पवित्र आत्माको छाप हो; हेर्नुहोस्)
>
> र *मोहोर लगाइएकाहरुको संख्या मैले सुने:...*(अब, यदि तिनीहरु यहूदी होइनन् भने, यो हेर्नुहोस्) ...*तिनीहरू* एक *लाख* चवालीस *हजार थिए र तिनीहरू इस्राएलका सन्तानको* प्रत्येक *कुलबाट थिए।* (तिनीहरुमा अन्यजाति थिएन। त्यो अन्त्यमा हो)

69 हेर्नुहोस्! यहूदाका कूल, बाह्र हजार; रुबेनको कूल, बाह्र हजार; र तल, गाद, बाह्र हजार; नेप्थालिम, र—र—र सबै तल एसेरसम्म, र—र जबूलोन, र इस्राएलका सबै यी बाह्र कुलहरु। र बाह्र गुणा बाह्र के हो? एक लाख चौवालीस हजार। त्यहाँ एक लाख चौवालीस हजार, यहूदीहरु छन्! अन्यजाति होइन, यहूदीहरु! त्यो दुलहीसंग सम्बन्धित कुरा होइन। त्यसैले यहोवाका साक्षीहरु तिनीहरुको सिद्धान्तमा गलत छन्। बाईबलले तिनीहरु “यहूदीहरु” हुन्, अन्यजाति होइन भनि स्पष्ट रूपमा भन्छ, तिनीहरु परमेश्वरका दासहरु हुन्, र अन्यजातिलाई कहिल्यै पनि एउटा दास रूपमा भनिएको छैन। हामीहरु छोरा र छोरीहरु हौँ, दासहरु होइन।

70 अब बाकि रहेकाहरु पढ्नुहोस्। खर्बुजा खाईरहेको मानिस जस्तै, भन्यो, “त्यो सहि हो, तर यसबाट अझै केहि खाऔ।” ठिक छ, परमेश्वरसंग यहाँ प्रशस्तै छ। अब, बस ध्यान दिनुहोस्। अब, अब हामी ८ औ पदमा छौ:

> र *जबूलोनको कुलबाट*...*बाह्र हजारलाई* मोहोर *लगाए। योसेफको* सबै *कुलको बाह्र हजार जनालाई मोहोर लगाईयो। बिन्यामीनको कुलबाट बाह्र हजारलाई मोहोर* लगाईयो।

71 हेर्नुहोस्, यूहन्ना, एउटा यहूदी भएको नाताले, तिनीहरु हरेकलाई चिने, इस्राएलका बाह्र कुलहरुलाई देखे, हरेक कुलबाट बाह्र हजारजना, बाह्र गुणा बाह्र एक लाख चौवालिस हजार। त्यहाँ तिनीहरु छन्, मण्डली होइन, यहूदीहरु। बाईबलले यहाँ भनेको छ, तिनीहरु सबिया "इस्राएलका सन्तान" हुन्, हरेक कुलको नाउँ राखिएको छ।

72 अब हेर्नुहोस्, ९ औं पद:

> *यो पछि* (अब यहाँ दुलही आउछ)...
>
> *यस पछि मैले हेरे,...हेर, एउटा ठूलो भीड, जसलाई कुनै मानिसले गन्न सक्दैन,...*

73 त्यहाँ तपाईको मन्दिरका नपुंसकहरु छन्, तिनीहरु केवल एक लाख चौवालिस हजार छन्, केवल एउटा सानो स्थान, केवल एउटा सानो मन्दिरको पहरेदारहरु जो दुलहीसंग हुनेछन्; बस उनको—बस उनको अनुरक्षक। त्यो एक लाख चौवालिस हजार, दुलहीको लागि अनुरक्षक हुन्; मन्दिरको नपुसंकहरु।

74 हेर्नुहोस्! अवश्य, मलाई थाहा छ तपाई फर्केर यहाँबाट १४ औ मा जानुहुन्छ, र भन्छन्, "किन, तिनीहरु दुलहीसंग छन् जहाँकहिँ पनि तिनीहरु जान्छन्..." पक्कै पनि! नपुसंक रानीसंगै यात्रा गर्छ जहाँकहिँ पनि उनी जान्छन्। साचै! तर तिनीहरु के हुन्? तिनीहरु अरु केहि नभएर अनुरक्षक हुन्, र ठिक उस्तै जस्तो धर्मशास्त्रले यहाँ घोषणा गरेको छ।

75 ध्यान दिनुहोस्:

> र *यो पछि...र, हेर्नुहोस्, एउटा ठूलो भीड, जसलाई कुनै पनि मानिसले गन्न सक्दैन, सबै राष्ट्रहरु,...वंशहरु,...मानिसहरु, र* भाषाहरु,...(त्यहाँ तपाईको अन्यजाति दुलही आउदै हुनुहुन्छ, ठिक छ) ...यिनीहरु *खडा भए...थूमाको अगाडि,* (त्यहाँ तिनीहरुको मुक्तिदाता हुनुहुन्थ्यो, थूमा, व्यवस्था होइन; थूमा, अनुग्रह) ...*सेतो लुगा लगाएका,*...(हेर्नुहोस्, केहि मिनेटमा, हेर्नुहोस् यदि सेतो पोशाक सन्तहरुका धार्मिकता होइनन् बने)... र *तिनीहरुको* हातमा *हत्केलाहरु;*

*र तिनीहरु एउटा ठूलो स्वरमा कराए,...*(यदि यो पेन्टिकोष्टल जागृति होइन भने, मैले अर्को कहिल्यै सुनेको छैन)...*भने, सिंहासनमा विराजमान हुनुहुने* हाम्रा *परमेश्वर र थुमामा मुक्ति छ।*

*अनि सिंहासन, धर्म–गुरुहरू र चार जीवित प्राणीहरूका* वरिपरि *सबै स्वर्गदूतहरू उभिए...*घोप्टो *परे... तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी, यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे,*

*यसो भन्दै, आमेन: आशिष,...महिमा,...बुद्धि,...धन्यवाद,... आदर,...*शक्ति, शक्ति, *हाम्रा परमेश्वर*लाई *सदासर्वदा होस्। आमेन।*

76 त्यो शिविरको सभाको समय जस्तो सुनिन्छ, होइन र? हुन जाँदैछ! त्यो को थिए? एक लाख चौवालिस हजार? पटक्कै होइन! यो ठूलो संख्या जुन कुनै पनि मानिस...सबै वंश, भाषा, र राष्ट्रहरुका थियो। के तपाईले देख्न सक्नुहुन्न, मेरो प्रिय मित्र?

77 अब हेर्नुहोस, बस यसलाई पढ्नुहोस्। अब:

*धर्म–गुरुहरूमध्ये एक जनाले मलाई जवाफ दिए, यसो भन्दै, यी को हुन्* र...*जुन सेतो पोशाक लगाएका छन्? र तिनीहरु कहाँबाट* आए?

78 धर्मगुरूले यूहन्नालाई भने, जो एक यहूदी थिए जसले एक लाख चौवालिस हजारलाई चिने, भने, "अब, तिमीले तिनीहरुलाई चिन्यौ, तिनीहरु सबै यहूदीहरु हुन्। तर यिनीहरु को हुन्? तिनीहरु कहाँबाट आए?" हेर्नुहोस् धर्मगुरूले के भने? "धर्मगुरूहरु मध्ये एउटाले जवाफ दिए," (ती धर्मगुरूहरु हुन् जो सिंहासन्को अगाडि थिए) "मलाई जवाफ दियो, यसो भन्दै, 'यिनीहरु के हुन् जो सेतो पोशाक लगाएका छन्? र तिनीहरु कहाँबाट आए? अब, हामी सबैलाई यहूदीहरु र तिनीहरुका करार र अन्य कुराहरु थाहा छ, तर यी कहिले आए?'" अब हेर्नुहोस्:

*र मैले उसलाई भने, श्रीमान, तपाईलाई थाहा छ।* ("म—म—म जान्दिन," यूहन्नाले भने, "यो केवल म जान्दिन। मलाई थाहा छैन।") *तिनले* मलाई *भने, "यिनीहरू* ती *नै हुन्, जुनहरू* महासङ्कष्टबाट *आएका हुन्,* ("परिक्षाहरु र धेरै यी

खतराहरु, परिश्रम र पासोहरुबाट भएर आएका, म आईसकेको छु।" बुझ्नुभयो?) ...यी *महा*संकष्टहरुबाट बाहिर आएका छन्, *र आफ्नो लुगा धोएका छन्,*...(मण्डलीमा? के त्यो सहि सुनिन्छ?) ... *तिनीहरूले आ–आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्।*

...तिनीहरू *परमेश्वरका सिंहासनको सामुन्ने छन्,र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन्*...(मेरो घरमा कसले मलाई सेवा गर्छ? मेरी श्रीमती। के त्यो सहि हो?)...र *उहाँको मन्दिरमा:*...(उनी नै हो जो मसंग मेरो घरमा बस्छिन् र मेरो अर्थतन्त्रमा बस्छिन्, त्यो मेरी श्रीमती हुन्। उनी नै हुन् जो मसंग बस्छिन्, र मेरो लुगा धोईदिन्छिन्, र मेरो लागि सबैकुरा तयार राखिदिन्छिन्) ...र *सिंहासनमा* विराजमान हुनुहुनेले *आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ।* (ओ, मेरो, सुन्नुहोस्!)

र *तिनीहरु अब उप्रान्त भोकाउने छैनन्,*...(आईरहेको केहि खुराक तिनीहरुले छुटाएको जस्तो देखिन्छ) ...*न त तिर्खाउने* नै छन्, *सूर्यको राप* अथवा *कुनै प्रचण्ड ताप तिनीहरूमाथि* पर्नेछैन।

*किनकि सिंहासनको बीचमा हुनुहुने थुमातिनीहरूका गोठालो हुनुहुनेछ,र तिनीहरूलाई डोऱ्याएर जिउँदो* पानीको *स्रोतसम्म लानुहुनेछ: र परमेश्वरले...तिनीहरुको* आँखाबाट *सबै आँशु पुछिदिनुहुनेछ।* (त्यहाँ उनी छिन्, त्यहाँ तपाईको दुलही छ)

79 त्यहाँ तपाईको एक लाख चौवालिस हजार छ, त्यहाँ तपाईको दासहरु छ। त्यसैले "राज्यका सन्तान" यहाँ, प्रिय व्यक्ति जसले प्रश्न सोध्नुभयो, यो एउटा...जसले यो उल्लेखनीय प्रश्न सोध्नुभयो। मलाई लाग्छ मैले यसलाई यहाँ पछाडि छोडे होला...कहिँ, तर "जब तिनीहरु बाहिर फालिनेछन्," यसको अर्थ यो होइन कि तिनीहरु परमेश्वरको दिमागबाट बाहिर फालिनेछन्। तिनीहरु एउटा ऋतुको लागि आत्मिक लाभबाट बाहिर निकालिएका छन्। हेर्नुहोस्, बस केहि समयको लागि।

80 किनभने, जब अगमवक्ताले इस्राएललाई यस दिनमा देखे कि उनी आउदै थिईन्, उनले भने, "ठिक छ, इस्राएल तब हुनेछ जब शबाथ हटाईनेछ, र—र तिनीहरुले शबाथमा पनि अरु दिनहरुमा जस्तै गरी,

यी सबै कुराहरु बेच्छन्?” उनले भने, “ठिक छ, के तपाई—के तपाई कहिल्यै...के इस्राएललाई पूर्ण रूपमा भुलिनेछ?”

81 उहाँले भने, “यो स्वर्गसम्म कति माथि छ? पृथ्वी कति गहिरो छ? तपाईको अगाडि राखिएको लौरोले यसलाई नाप्नुहोस्।”

उनले भने, “म सक्दिन!”

82 उहाँले भन्नुभयो, “मैले इस्राएललाई कहिल्यै पनि भुल्न सक्दिन।” पक्कै पनि होइन! इस्राएल कहिल्यै पनि भुलिनेछैन।

83 त्यसैले, तपाईले देख्नुहुन्छ, *सदाकाल* र *अनन्त* दुई भिन्न कुराहरु हुन्। इस्राएललाई बाहिर फालियो, तर परमेश्वरको दिमागबाट होइन। र पावलले यहानिर भन्छन्, यदि मसंग...अध्ययन गर्ने समय, ताकी म छिट्टै धर्मशास्त्र जान सक्ने भए...म ती तपाईहरुलाई उल्लेख गर्न सकूँ, हेर्नुहोस्, त्यो मेरो दिमागमा आउछ।

84 पावलले त्यहाँनिर बोल्दै, भने कि हामी अन्यजातिले ध्यान लगाउनुपर्छ, हामी हिड्ने तरिका र हामीले के गर्यौं। बुझ्नुभयो? किनकि यदि परमेश्वरले पहिलो हाँगालाई छोड्नुभएन भने, हेर्नुहोस्, र हामी कलमी बाँधिएको हुनाले, हेर्नुहोस्,...र इस्राएल, जो एक समयको लागि अन्धो थियो, उनले भने। केवल एक ऋतुको लागि, इस्राएल अन्धो भयो। त्यो सहि हो, तर तिनीहरुको आँखाबाट पर्दा हटाईनेछ। र त्यो चाहि जब अन्तिम अन्यजाति परमेश्वरको राज्यमा जन्मिन्छ, तब तिनीहरु पर्दा इस्राएलको आँखाबाट हट्नेछ। र तिनीहरुले भन्नेछन्, “यिनी मसिह हुन् जसलाई हामीले हेर्नको लागि कुरिरहेका थियौ।” त्यो सहि हो, तर अन्यजातिको ढोका बन्द छ (डुंगा—बन्द भएको छ), त्यहाँ अब कुनै—कुनै पनि अनुग्रह बाकि छैन अन्यजातिहरुको निम्ति त्यो समयमा।

85 अब, मैले एउटा प्रश्नमा धेरै समय लिए। र कसैले भन्छ, “अब तपाईले मेरो कुरा बुझ्नुभएन होला।” ठिक छ, हामी चाडो गर्नेछौ र हेर्नेछौ यदि हामी यसमा पुग्न सक्दैनौ।

86 ठिक छ, यहाँ एउटा—एउटा लामोवाला छ। र ती सबै महिलाले सोध्नुभएको छ वा पुरुषले सोध्नुभयो, वा जो कोहि पनि उहाँ हुनुहुन्छ, उहाँ सहि हुनुहुन्छ।

**53. के यो सत्य होइन कि प्रभु येशू सारा संसारको निम्ति मर्नुभएन, जसको अर्थ संसारका सबैजनाको निम्ति हो, तर बरु**...(अब, म त्यो व्याख्या

गर्छु, तर उनी, उहाँ या उनी, जो कोहि पनि यो हो, एउटा महिलाको लेख जस्तो देखिन्छ।) **...तर बरु यी सबका लागि—बरु यसको लागि संसारका सबै भागहरुमा, जसलाई पिताले उहाँलाई दिनुभयो? यी जो संसारको जग बसालिनुभन्दा अगाडि, परमेश्वरले अनन्त जीवनको लागि नियुक्त गर्नुभयो, उहाँको आफ्नै असल खुसी अनुसार चुन्नुभयो?**

87 पक्कै पनि, त्यो सहि हो! त्यो एकदम सहि हो। येशू तिनीहरुको लागि मर्नुभयो...केवल यो होइन...उहाँ योजना अनुसार मर्नुभयो।

88 हेरौ, म विश्वास गर्छु...म—म विश्वास गर्छु कि तिनीहरुले पढ्छन्... एउटा प्रश्न यसमा आउँछ:

**54. निस्सन्देह धर्मशास्त्रले हामीलाई भन्छ कि यी तिनीहरु हुन् जो हुनेछैनन्—तिनीहरु जो मुक्ति पाउने छैनन्। त्यसैले...**

89 त्यो एकदम सहि हो। धर्मशास्त्रले हामीलाई भन्छ कि त्यहाँ मानिसहरु छन् जो परमेश्वरबाट दण्डित हुनको लागि पूर्वनियुक्त भएका छन्।

90 के तपाई त्यो पढ्न चाहनुहुन्छ, ताकी यो सधै तपाईको दिमागबाट बाहिर रहोस्? ठिक छ, आउनुहोस् यहूदाको पुस्तकमा पल्टाएर—हेरौ, यहूदाले यहाँ बोलिरहेका छन्।

*यहूदा, येशू ख्रीष्टको दास, याकूबको भाई, तिनीहरुलाई जो परमेश्वर पिताद्वारा पवित्र पारिएका छन्, र येशू ख्रीष्टमा सुरक्षित राखिएका छन्, र बोलाईएका छन्:*

91 हेर्नुहोस् उहाँले यो कसलाई सम्बोधन गर्नुहुन्छ? पापीलाई होइन, प्रचारको सेवालाई मात्रै होइन, तर पवित्र पारिएका र बोलाईएकाहरुलाई हो। हेर्नुहोस्, तिनीहरु जो पहिले नै राज्यमा छन्।

*कृपा, शान्ति र प्रेम तिमीहरूमा प्रशस्त हुँदैजाओस्।*

*प्रियहरु,...हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक* भएको *छु, निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने, र तिमीहरुलाई...त्यसैले* तिमीहरुले *सन्तहरूलाई सदाकालको* निम्ति *सुम्पिएको विश्वास* रक्षा *गर।*

*किनकि त्यहाँ केहि मानिसहरु छन् जो* गुप्त रुपले *आएका छन्, जो पहिले देखि नै यस दण्डको निम्ति नियुक्त भएका थिए,...*

(कसरी?) ...*जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्,...*

92 पुरानोबाट नियुक्त गरिएको! यो होइन कि परमेश्वरले पछाडि सिंहासनमा बस्नुभयो, र भन्नुभयो, "म यहाँ *यो* मानिसलाई बचाउछु, म *त्यो* मानिसलाई गुमाउछु।" यो त्यस्तो थिएन! परमेश्वर मर्नुभयो, र जब येशू मर्नुभयो, प्रायश्चितले हरेक व्यक्तिको लागि समस्त पृथ्वीलाई ढाक्यो। तर परमेश्वर, पूर्वज्ञानद्वारा...उहाँले इच्छा गर्नुहुने होइन...कोहि पनि नाश होस् भनि उहाँले चाहनुहुन्न। उहाँले सबैजना बाचून् भन्ने चाहनुहुन्थ्यो। त्यो नै—त्यो नै उहाँको अनन्त उदेश्य थियो। तर यदि उहाँ परमेश्वर हुनुहुन्थ्यो भने, उहाँ जान्नुहुन्थ्यो को बाँच्नेछ र को बाँच्ने छैन भनि। यदि उहाँलाई थाहा थिएन भने, त्यसो हो भने उहाँ असीम परमेश्वर हुनुहुन्नथियो। त्यसैले बाइबलले त्यो सिकाउँछ। कि हामीले सक्ने...

93 यदि हामीसंग यहाँ रोमीमा फर्कने समय छ भने, ८ औं अध्याय, र तपाईले यसलाई पढ्न सक्नुहुन्छ। रोमी, ९ औं अध्याय, बाइबलमा अन्य धेरै ठाउँहरु छन्। एफिसी, पहिलो अध्याय। र तपाईले देख्न सक्नुहुन्छ कि परमेश्वरको चुनाव, ताकी यो निश्चित खडा हुन सकोस्, परमेश्वरले करार निशर्त रूपमा दिनुभयो। उहाँले येशूलाई तिनीहरुको निम्ति मर्नको लागि पठाउनुभयो जसलाई उहाँले पहिले नै चिन्नुभएको थियो। बुझ्नुभयो?

94 यो भन्नको लागि मात्रै होइन, "ठिक छ, तपाई भन्नुहुन्छ कि उनी बाच्छिन् वा बच्दिनन् भन्ने कुरा परमेश्वरलाई थाहा थिएन?" तपाई बचाईनुहुनेछ, वा बचाईनुहुनेछैन भनि परमेश्वरले जान्नुहुन्थ्यो, संसार शुरू हुनभन्दा अगाडि, नभए उहाँ परमेश्वर हुनुहुन्नथियो।

95 के तपाईलाई थाहा छ *असीम* शब्दको अर्थ? हेर्नुहोस्...शब्दकोषमा हेर्नुहोस् र *असीम* शब्दकको अर्थ पत्ता लगाउनुहोस्। किन, उहाँलाई पृथ्वीमा हुने हरेक झिंगा, हरेक झिंगा, सबै भुसुना, हरेक किटाणुहरु थाहा थियो। तिनीहरु अस्तित्वमा आउनुभन्दा अगाडि नै उहाँले जान्नुहुन्थ्यो, नभए उहाँ परमेश्वर हुनुहुन्नथियो। निश्चय नै, उहाँले यो जान्नुहुन्थ्यो। ठिक छ।

96 त्यसपछि, त्यहाँ भित्र, परमेश्वरले—भन्न सक्नुहुन्न, "म *तिमीलाई* लिनेछु, अनि नरकमा पठाउनेछु; र म *तिमीलाई* लिनेछु, र स्वर्गमा पठाउनेछु।" परमेश्वरले तपाईहरु दुवैजना स्वर्गमा जाओस् भन्ने चाहनुहुन्छ।

तर पूर्वज्ञानद्वारा उहाँलाई थाहा थियो कि एउटा लजालु हुनेछ, र अर्को एउटा सज्जन र एउटा इसाई हुनेछ। बुझ्नुभयो? त्यसैकारणले उहाँले येशूलाई मर्नको निम्ति पठाउनुपर्थ्यो, त्यस मानिसलाई बचाउनको लागि जसलाई उहाँले पूर्वज्ञानद्वारा चिन्नुभएको थियो जो बचाईन चाहन्थ्यो। तपाईले यो बुझ्नुभयो?

अब यहाँ हेर्नुहोस्:

**धर्मशास्त्रले हामीलाई संकासाथ भन्छ कि यी तिनीहरु हुन् जो मुक्ति पाउने छैनन्।**

**55. त्यसैले यदि प्रायश्चितले सबै ढाकेको छ...आदमको सबै जातिलाई समेट्यो भने, र केहि मरे किनभने तिनीहरुले आफैलाई प्रतिज्ञा, वा प्राबधानको लाभ उठाएनन्, के ऊ...शक्तिशाली–...स्वतन्त्र... के ऊ...सर्वशक्तिमान परमेश्वरको अनन्त योजना र उदेश्यहरु भन्दा शक्तिशाली शक्ति हुनेछ? के यो...**(व्यक्ति अहिले, यो दोस्रो प्रश्नमा, सोध्दै हुनुहुन्छ।) **के मानिसको स्वतन्त्र इच्छा सर्वशक्तिमान परमेश्वरको अनन्त योजना र उदेश्यभन्दा शक्तिशाली शक्ति हुदैन र?**

97 होइन, मेरो दाजुभाई वा बहिनी। पक्कै पनि होइन! त्यहाँ अरु केहि पनि छैन यो भन्दा शक्तिशाली...मानिसको इच्छा कहिल्यै पनि परमेश्वरको इन्साफको अनन्त उदेश्यसंग तुलना गर्न सक्दैन। यो हुन सक्दैन, हेर्नुहोस्।

98 अब, तपाईको पहिलो प्रश्न सहि थियो। तपाईको दोस्रो प्रश्न हुन सक्दैन, मित्र। किनकि हेर्नुहोस्, यहाँ लेखिएको तरिकालाई हेर्नुहोस्, हेर्नुहोस्: "के मानिसको स्वतन्त्र इच्छा सर्वशक्तिमान परमेश्वरको अनन्त योजना र उदेश्य भन्दा शक्तिशाली हुदैन र?" किन, पक्कै पनि हुदैन। कसरी मानिसको इच्छा सर्वशक्तिमान परमेश्वरको उदेश्यभन्दा शक्तिशाली शक्ति हुनसक्छ? र मानिस उसको मरणशील अवस्थामा आफूले चाहेको इच्छा गर्न, अनन्त, सिद्ध परमेश्वर हुनसक्ने भन्दा बढी बलियो हुन्छ? पक्कै पनि हुदैन! यो हुन सक्दैन, हेर्नुहोस्। अनन्त परमेश्वर, जसको उदेश्य सिद्ध छ, कसरी तपाईले भन्नसक्नुहुन्छ कि एउटा—एउटा मरणशील मानिस यहाँ तल, चाहे जति नै उसको (र उ हुनसक्छ), उदेश्यहरु न्यायसंगत भए पनि कुनै हालतले यो संग तुलना हुनसक्दैन: अनन्त—र सर्वशक्तिमान परमेश्वरको उदेश्य।

99 [एउटा बहिनीले भाई ब्रन्हामसंग बोलिन्—सम्पा।] हो। ["म क्षमा चाहन्छु। म केवल एउटा प्रश्न सोध्न चाहन्थे, र—र त्यहाँ मैले भन्न खोजेको

कुरा तपाईले गलत बुभ्नुभयो।”] हो, ठिक छ, बहिनी। [“म त्यो कत्ति पनि विश्वास गर्दिन, मेरो मतलब ‘परमेश्वरको अनन्त उदेश्यले मानिसको स्वतन्त्र इच्छालाई जित्नु हो।’”]

100 त्यो सहि हो।ओ, ठिक छ, त्यसोभए म—मैले गलत पढेछु, हेर्नुहोस्। ठिक छ। हो, त्यसोभए तपाई एकदम सहि हुनुहुन्छ, बहिनी। मलाई थाहा थिएन यो तपाई—तपाईको प्रश्न थियो भनेर। ठिक छ। तर, हेर्नुहोस्, मैले यो यहाँ कहाँ पाए, हेर्नुहोस्,...अब मलाई हेर्न दिनुहोस्, “सबै आदमको जातिलाई ढाक्यो, र केहि हराए किनभने तिनीहरु आफैले—आफैले त्यसको प्राबधानबाट लाभ उठाउन सकेनन्। के मानिसको स्वतन्त्र इच्छा सर्वशक्तिमान परमेश्वरको अनन्त योजना र उदेश्य भन्दा शक्तिशाली हुदैन र?” हेर्नुहोस्, म—मैले तपाईको विचारलाई त्यहाँ गलत व्याख्या गरेको थिए। हो, सर्वशक्तिमान परमेश्वरको अनन्त उदेश्य। ठिक छ, त्यसले यसलाई मिलाउछ।

101 मलाई लाग्छ सबैजनाले यो बुभ्नुहुन्छ। तपाई बुभ्नुहुन्छ, आफ्नो हातहरु उठाउनुहोस्। यो—यो सर्वशक्तिमान परमेश्वरको अनन्त उदेश्य हो, जुन मानिसले गर्न सक्नेभन्दा निश्चय धेरै माथि—धेरै माथि हुनेछ।

अब:

### 56. मैले पानीको बप्तिष्माको ज्योति, मत्तीको २८ औ अध्यायको...१९ औं पद बुभ्दिन। यसको अर्थ के हो?

102 ठिक छ, अब, शायद यसले मलाई एक मिनेट बाहेक बढि लिदैन होला। र यदि तपाई चाहनुहुन्छ भने मसंग कसैलाई पल्टाउन दिनुहोस्, मत्तीमा, २८ औं अध्याय, र १९ औं पद। र हामी पत्ता लगाउनेछौ, केवल त्यो व्यक्ति के हो...पच्चीस...अब, यसले तपाईलाई बलियो बनाउनेछ यदि तपाई बस यससंग बस्नुहुन्छ भने। यो—यो राम्रो छ, तपाईले देख्नुहुन्छ। यो प्रचारप्रसारको कुरा होइन, तर यो...

103 अब हामी...अब यहाँनिर हो जहाँ मानिसले भन्न खोज्छन्, “त्यहाँ बाईबल विरोधाभास छ।” अब, कोहि...मत्ती २८:१९ तर्फ फर्केको म चाहन्छु। वा, होइन, म कसैलाई चाहन्छु...मत्ती २८:१९। कोहिले प्रेरित २:३८ मा पल्टाउनुभएको म चाहन्छु। तपाईको बाइबल त्यहाँ छ, भाई नेभिल?

104 र अब म चाहन्छु कि तपाईले आफ्नो लागि आफै पढ्नुहोस्। "अनि म तपाईलाई बाईबलमा कडा विरोधाभास देखाउनेछु। र के—बाइबल... मानिसहरुले भन्छन् 'बाइबल आफैमा विवादित छैन,' तपाईले यो ध्यानमा राखेको म चाहन्छु।"

105 र यसले प्रोफेसरहरुलाई खैरो बनाउँछ। तर यो—यो सरल छ। अब म मत्ती २८:१९ पढ्नेछु, तपाईले मलाई पछ्याउनुहोस्। र तपाई मध्ये केहि प्रेरित २:३८ मा, यसलाई तयार राख्नुहोस्। म १८ औं पदबाट शुरू गर्नेछु, यो मत्तीको अन्तिम अध्याय हो:

> *र येशू आउनुभयो र आफ्ना* चेलाहरुसामु *बोल्नुभयो... तिनीहरुसामु बोल्नुभयो, यसो भन्दै, स्वर्ग र पृथ्वीमा सबै शक्ति मलाई दिईएको छ।* (पिताको शक्ति कहाँ छ?)

106 यदि स्वर्ग र पृथ्वीमा सबै शक्ति येशूलाई दिईएको छ भने, त्यसोभए परमेश्वर शक्तिहिन हुनुपर्छ, होइन र? वा के उहाँले भर्खरै एउटा कथा भन्नुभयो? के उहाँले ठट्टा गर्दै हुनुहुन्थ्यो? उहाँको अर्थ त्यहि थियो! के उहाँले साचो रूपमा त्यहि भन्नुभएको हो भनि तपाई विश्वास गर्नुहुन्न? ठिक छ, यदि सबै शक्ति उहाँलाई दिईएको छ भने, तब परमेश्वरको शक्ति चाहि कहाँ छ? उहाँ परमेश्वर हुनुहुन्थ्यो! त्यो सहि हो। त्यहाँ भएको कुरा त्यो मात्रै हो। त्यहाँ भएको सबै त्यो नै हो। हेर्नुहोस्, उहाँ परमेश्वर हुनुहुन्थ्यो; या त त्यहाँ कोहि बसेको छ, जसमा केहि शक्ति छ, त्यो अब छैन। बुझ्नुभयो? त्यसैले तपाईले तपाईले यसलाई अलमल पार्न सक्नुहुन्न। हामीहरु यहि कुरामा यसमा आउनेछौं। ठिक छ:

> ...स्वर्ग र पृथ्वीमा *सबै शक्ति...स्वर्ग र पृथ्वीमा छ।*
>
> *त्यसैले जाऊ,...सबै जातिलाई सिकाओ, तिनीहरुलाई पिता, र पुत्र, र पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ:*
>
> *मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ:... र, म युगको अन्त्यसम्म* सधैँ, *तिमीहरूका साथमा छु।*

107 प्रेरित २:३८, अब कसैले पढ्नुहुन्छ। मात्र एक मिनेट पर्खनुहोस्। प्रेरित, दोस्रो अध्याय, ३८ औं पद। अब, अब ध्यान दिएर सुन्नुहोस्, र धैर्यताका साथ, र हामी अहिले हेर्नेछौं। अब, यो येशूले तिनीहरुलाई अहिले भन्नुभएको दस दिन पछिको कुरा हो, मत्ती २८:१९, "त्यसैले जाओ, सबै

जातिलाई सिकाओ, पिता, पुत्र, र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिष्मा देओ।"

108 अब, पत्रुस, दस दिन पछि...तिनीहरुले कहिल्यै पनि अर्को प्रवचन प्रचार गरेनन्। तिनीहरु यरूशलेमको माथिल्लो कोठामा गए, र त्यहाँ (दस दिनसम्म) पवित्र आत्मा आउनको लागि कुरे। कतिजनालाई त्यो थाहा छ? यो स्थानमा। यहाँ पत्रुष छन्, पत्रुससंग राज्यको साँचाहरु छन्। ठिक छ, उसले के गर्छ हामी हेर्नेछौ। मत्ती, वा मेरो मतलब प्रेरित २, आउनुहोस् ३६ औ पदलाई लिऔं:

> *यसैकारण इस्राएलको सारा परिवारले यो* पक्का *गरी जानोस्,* कि *येशू,* जसलाई तपाईंहरूले *क्रूसमा टाँग्नुभयो...परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।*

"प्रभु र ख्रीष्ट दुवै।" कुनै आश्चर्य छैन, स्वर्गहरु र पृथ्वीको सबै शक्ति उहाँलाई दिईएको थियो।

> *यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, र पत्रुस र... बाकी प्रेरितहरुलाई भने, मानिस र दाजुभाईहरु, हामीले के गर्ने?*

> पत्रुसले जवाफ दिए...*पत्रुसले तिनीहरुलाई भने, पश्चाताप गर,* तिमीहरु सबैले, *र पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउँमा* बप्तिष्मा लिनुहोस्, *र* तपाईले *पवित्र आत्माको वरदान प्राप्त गर्नुहुनेछ।*

109 अब, त्यहाँ एक विरोधाभास छ, मत्तीले भने, "नाउँमा बप्तिष्मा देओ: पिता, पुत्र, पवित्र आत्मा," र पत्रुसले प्रेरित २:३८ मा भनेका थिए, दस दिन पछि, "पश्चाताप गर, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ।"

110 त्यसपछि अर्को पटक बाइबलमा पश्चातापको बारेमा बोलिएको—बोलिएको छ, वा, बप्तिष्मा, यो—यो प्रेरितको ८ औ अध्याय हो, जब फिलिप तल गए र प्रचार गरे...सामरी—सामरीहरुलाई र तिनीहरुले पवित्र आत्मा पाए, र तिनीहरु येशू ख्रीष्टको नाममा बप्तिष्मा भए।

111 अर्को पटक यो कुरा गरिएको थियो, जब अन्यजातिहरुले यो पाए, प्रेरित १०:४९:

> र *जब पत्रुसले...यी शब्दहरु बोल्दै थिए,* हेर, *पवित्र आत्मा...* तिनीहरु *सुन्नेहरुमा* पर्नुभयो।

*किनकि तिनीहरुले तिनीहरु अन्यभाषाहरु*मा *बोलेका, र परमेश्वरको महिमा गरेको सुने। तब पत्रुसले* भने,

*के* एउटा *मानिसले पानीलाई निषेध गर्न सक्छ, यो* देखेर *कि यी...पवित्र आत्मा पाएका छन्* जसरी हामीले शूरूवातीमा पाएका थियौ?

*र उनले तिनीहरुलाई प्रभु* येशू ख्रीष्टको *नाउँमा बप्तिष्मा लिनको लागि आज्ञा गरे।*

112 अब मलाई यहाँ केहि भन्न दिनुहोस्, बस तपाईलाई सानो केहि देखाउछु ताकी तपाईले यो भुल्नुहुनेछैन; एउटा सानो दृष्टान्त बनाउन जाँदैछ। म राख्न जाँदैछु...संसारमा कतिवटा पुस्ता–...राष्ट्रिय मानिसहरु छन्? त्यहाँ तिन जना छन्: हाम, शेम, येपेतका मानिसहरु। कतिजनालाई यो थाहा छ? हामी नोआका ती तिनजना छोराहरुबाट आएका हौ। हामका मानिसहरु, शेमका मानिसहरु...यापेतका मानिसहरु एन्ग्लो–स्याक्सन हुन्, शेमका मानिसहरु...तिन पुस्ता, त्यो: यहूदी, अन्यजाति, र आधा यहूदी र अन्यजाति। अब, ध्यान दिनुहोस्, जब त्यो त्यहाँ...र *यो* हाम... शेम, हाम, र येपेत।

113 अब, बप्तिष्माको बारेमा पहिलो पटक भनिएको, बप्तिष्मा दिने यूहन्नाले हो। कतिजनाई त्यो सत्य हो भनि थाहा छ? ठिक छ, म *यसलाई* यहाँ राख्नेछ, यहाँनिर, बप्तिष्मा दिने यूहन्ना। र यूहन्नाले मानिसहरुलाई यर्दनको नदिमा बप्तिष्मा दिए, तिनीहरुले पश्चाताप गर्नुपर्छ र परमेश्वरमा धर्मी हुनको लागि आज्ञा दिदै, र तिनीहरुका सामानहरु बेच्छन्, र गरिबहरुलाई खुवाउँछन्, र सिपाहीहरु तिनीहरुको पैसाले सन्तुष्ट हुन्छन्, र परमेश्वरमा धर्मी हुनको लागि। कतिजनालाई त्यो थाहा छ? र उनले तिनीहरुलाई यर्दन नदिमा बप्तिष्मा दिए, छिर्काउ होइन, खन्याएर होइन, तर तिनीहरुलाई डुबाए! यदि तपाई विश्वास गर्नुहुन्न भने, यहाँ शब्दकोष छ, पत्ता लगाउनुहोस् यदि यो *ब्याप्टिजो* होइन भने, जुन "बप्तिष्मा, डुबाई, मुनि राखिएको, गाडिने" हो। अब, बप्तिष्माको बारेमा पहिलो पटक बोलिएको, त्यहाँ हो।

114 दोस्रो पटकको बप्तिष्माको बारेमा भनिएको थियो, येशूले यसलाई आज्ञा दिनुभयो, मत्ती २८:१९।

115 अर्को पटक बप्तिष्माको बारेमा बोलिएको थियो, प्रेरित २:३८ थियो।

116 अर्को पटक बप्तिष्माको बारेमा बोलिएको थियो, प्रेरितको ८ औं अध्यायमा थियो।

117 अर्को पटक बप्तिष्माको बारेमा बोलिएको थियो, त्यो—प्रेरितको १० औं अध्यायमा थियो।

118 र त्यसपछि हामी त्यो समयबाट आएका छौ जहाँ येशूले भन्नुभएको थियो, यहाँ, "त्यसैले जाओ, सबै जातिहरुलाई सिकाओ, तिनीहरुलाई पिता, र पुत्र, पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ।"

119 अब पहिले यो धर्मशास्त्रलाई सिधा गरौ। मैले तपाईलाई त्यो भनेको थिए, "त्यहाँ बाईबलमा एउटा पनि शास्त्र छैन जुनले एकअर्कामा विरोध गर्छ।" म तपाईलाई यो मकहाँ ल्याउनको लागि चाहन्छु। मैले त्यो छब्बीस वर्षसम्मलाई मागे, र मैले अझैसम्म यो पाएको छैन। त्यहाँ कुनै धर्मशास्त्र छैन जुन विपरित...यदि यसले आफ्नै विपरित आउछ भने, यो एउटा मानिसले लेखेको कुरा हो। होइन, श्रीमान, त्यहाँ बाइबलमा कुनै विरोधाभास छैन!

120 अब यो तपाईले भन्नुभयो, "*त्यसको* बारेमा के हो?"

121 यहाँ येशू खडा हुदै भन्नुभयो, "यसकारण जाओ, सबै जातिलाई सिकाओ, तिनीहरुलाई पिता, पुत्र, पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ।"

122 र पत्रुस ठिक पछाडि फर्किए, र भने, "पश्चाताप गर्नुहोस्, तपाईहरु सबैले, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ।"

123 "त्यहाँ तपाईको विरोधाभास छ।" यो जस्तो देखिन्छ। अब, यदि तपाई एउटा भौतिक मानिस सहित पढ्दै हुनुहुन्छ भने, र खुला हृदयसहित हुनुहुन्न भने, यो एउटा विरोधाभास हुनेछ।

124 तर यदि तपाईले खुला दिमागले पढ्दै हुनुहुन्छ भने, "पवित्र आत्माले यो बुद्धिमानहरु र बाठोहरुबाट लुकाउनुभएको छ," येशूले त्यसो भन्नुभयो, र यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो, "यसलाई सिक्ने बालकहरुमा प्रकट गर्नुभयो।" यदि तपाईसंग एउटा मन छ, र स्वार्थी मन छैन, तर सिक्ने इच्छा सहितको हृदय छ, पवित्र आत्माले तपाईलाई यी कुराहरु सिकाउनुहुनेछ।

125 अब यदि यो तुलना गर्दैन भने...तपाईले भन्नुभयो, "तपाई सहि हुनुहुन्छ भनि तपाई कसरी जान्नुहुन्छ?" ठिक छ, यसले बाकि रहेका

धर्मशास्त्रहरुसंग तुलना गर्दछ। यदि तपाईले गर्दैन भने, तपाईले यहाँ सिधा विरोधाभास पाउनुहुन्छ।

126 अब म तपाईलाई प्रश्न सोध्न चाहन्छु। यो मत्तीको अन्तिम अध्याय हो। म यसलाई एउटा सानो रूपमा लिनेछु, ताकी तपाईहरु मध्ये सबैले... बच्चाहरुले यो बुझ्न सकून्।

127 उदाहरणको लागि, यदि तपाईले एउटा प्रेम कथा पढ्नुहुन्छ भने, र त्यसको पछाडि यसको भनेको छ, "र मरियम र यूहन्ना त्यसपछि सधै खुसीसाथ जिए।" ठिक छ, तपाई अचम्म मान्नुहन्छ कि यूहन्ना र मरियम को थिए जो त्यसपछि खुसीसाथ जीए। अब, यदि तपाईलाए यूहन्ना र मरियम को हुन् भनि जान्न मन छ भने, तपाई पुस्तकको पहिलोमा फर्केर यूहन्ना र मरियम को हुन् भनि पत्ता लगाउनुभएको राम्रो। त्यसपछि फर्केर यहाँ जानुहोस् र मरियम को थिईन् भनि पत्ता लगाउनुहोस्, र उनी कुन परिवारबाट आएकी थिईन्; र यूहन्ना को थिए, र उनी कुन परिवारबाट आएका थिए, र उनको नाम के थियो, र कसरी तिनीहरुको विवाह भयो, र सबै यसको बारेमा। के त्यो सहि हो?

128 ठिक छ, यहाँ बाईबल पढ्दा पनि त्यहि नै कुरा हो। जब...हेर्नुहोस्, येशूले कहिल्यै भन्नुभएन, "जाओ मानिसलाई पिताको नाममा, पुत्रको नाममा, पवित्र आत्माको नाममा बप्तिष्मा देओ," जुन तरिकामा त्रिएकका मानिसहरुले बप्तिष्मा दिन्छन्। त्यसको लागि त्यहाँ बाईबलमा कुनै धर्मशास्त्र छैन। उहाँले कहिल्यै भन्नुभएन, "नामहरुमा (एन–ए–एम–इ–एस), नाउँहरु" पिता, पुत्र, र पवित्र आत्माको।

129 उहाँले भन्नुभयो, " (एन–ए–एम–ई) नाउँमा," एकवचन। तपाईको बाईबलमा त्यहाँ हेर्नुहोस् र त्यो सहि हो या होइन भनि पत्ता लगाउनुहोस्, मत्ती २८, "*नाउँमा*।"

130 "पिताको नाउँमा, पुत्रको नाउँमा..." होइन, त्यो तरिकामा एउटा त्रिएक प्रचारकले बप्तिष्मा दिन्छ। "पिताको नाउँमा, पुत्रको नाउँमा, र पवित्र आत्माको नाउँमा।" त्यो त बाइबलमा समेत छैन।

131 "त्यसपछि नाउँमा..." तपाईले भन्नुभयो, "ठिक छ, त्यसपछि 'पिता, पुत्र, र पवित्र आत्माको नाउँमा।'" त्यसपछि त्यहाँ एउटा निश्चित नाउँ छ।

132 ठिक छ, के *पिता* एउटा नाम हो? कतिजनालाई थाहा छ कि *पिता* एउटा नाउँ होइन भनि? *पिता* एउटा उपनाम हो। *पुत्र* एउटा नाम होइन।

कतिजनालाई थाहा छ कि *पुत्र* नाउँ होइन भनि? कति जना पिताहरु यहाँ हुनुहुन्छ? आफ्नो हातहरु उठाउनुहोस्। कतिजना पुत्रहरु यहाँ हुनुहुन्छ? आफ्नो हातहरु उठाउनुहोस्। ठिक छ, तपाईहरु मध्ये को चाहि "पुत्र" नाम भएको व्यक्ति हुनुहुन्छ? तपाईहरु मध्ये को चाहि "पिता" नाम भएको व्यक्ति हुनुहुन्छ? ठिक छ, *पवित्र आत्मा* एउटा नाम होइन, *पवित्र आत्मा* त्यहि नै हुनुहुन्छ। यहाँ कतिजना मानव हुनुहुन्छ? आफ्नो हात उठाउनुहोस्। हेर्नुहोस्? त्यहाँ तपाई हुनुहुन्छ, पवित्र आत्मा जो हुनुहुन्छ उहाँ त्यहि हुनुहुन्छ। *पिता*, *पुत्र*, र *पवित्र आत्मा*, ती मध्ये कुनै पनि नाउँहरु होइनन्; त्यहाँ यसको कुनै नाउँ छैन।

133 ठिक छ, तब, यदि उहाँले भन्नुभयो, "पिता, पुत्र, र पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ," हामी फर्केर पिता, पुत्र, र पवित्र आत्मा को हुनुहुन्छ भनि पत्ता लगाएको बेस हुन्छ। त्यसोभए मत्तीको पहिलो अध्याय पल्टाएर हेरौ, हेरौ यो मित्र को हुनुहुन्छ जसको नाउँमा हामीले बप्तिष्मा लिन पर्ने थियो। र हामी अब मत्तीबाट शुरू गर्छौं, पहिलो अध्याय, अनि १८ औ पद। ध्यान दिएर पढ्नुहोस्, सबैजनाले।

134 अब, तपाई जसले प्रश्न सोध्नुभयो, म यहाँ सानो चित्रण दिन चाहन्छु। अब म यहाँ तिनओटा कुरा राख्न चाहन्छु ताकी तपाईले स्पष्ट रुपले बुझ्नुभएको होस्, (चित्रण बनाउछु) यी बाइबल र पुस्तकहरु, दृष्टान्त बनाउनको लागि।

135 ठिक छ, तपाईले मलाई ध्यान दिएर हेर्नुभएको म चाहन्छु, र अब तपाईहरु प्रत्येकले मलाई पछ्याउनुहोस्। अब, *यो* यहाँ पिता परमेश्वर हुनुहुन्छ। यहाँ *यो* पुत्र परमेश्वर हुनुहुन्छ। यहाँ *यो* पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। अब, कतिले बुझ्नुहुन्छ? तपाईले मेरो पछि भन्नुहोस्। यहाँ तल *यो* को हुनुहुन्छ? [मण्डलीले भन्छ, "पवित्र आत्मा।"—सम्पा।] पवित्र आत्मा। *यहाँनिर* हुनुभएको यो को हुनुहुन्छ? ["पिता।"] यो *यहाँ* को हुनुहुन्छ? ["छोरा।"] अब, त्यस तरिकामा त्रिएककाहरुले विश्वास गर्छन, हेर्नुहोस्, त्यसले हामीलाई मूर्तिपूजक बनाउछ, उत्तिकै काचो जत्तिको यसले बनाउन सक्छ।

136 यहूदी; त्यहि नै कारण हो तपाईले एउटा यहूदीसंग केहि पनि गर्न सक्नुहुन्न। उहाँले भन्नुभयो, "तपाईले परमेश्वरलाई तिन टुक्रामा काटेर एउटा यहूदीलाई दिन सक्नुहुन्न।" तर, निश्चय नै सक्नुहुन्न, तपाईले मलाई पनि

दिन सक्नुहुन्न। बुझ्नुभयो? होइन, श्रीमान। उहाँ एक परमेश्वर हुनुहुन्छ। त्यहि नै हो। तिन परमेश्वरहरु होइनन्। अब ध्यान दिनुहोस् यो कति—कति—कति सरल छ।

137 अब हामी पत्ता लगाउन जाँदैछौ। अब, को हुनुहुन्छ...*यो* को हो? कोहि अहिले बोल्नुहोस्। परमेश्वर पुत्र। के त्यो सहि हो? *यो* पुत्र हुनुहुन्छ। ठिक छ, त्यसो भए उहाँको पिता परमेश्वर हुनुहुन्छ। के त्यो सहि हो? कतिजनाले विश्वास गर्नुहुन्छ कि उहाँको पिता परमेश्वर हुनुहुन्छ भनि? आफ्नो हात उठाउनुहोस्। कतिजनाले विश्वास गर्नुहुन्छ कि परमेश्वर येशू ख्रीष्टको पिता हुनुहुन्छ? ठिक छ।

*अब येशू ख्रीष्टको जन्म यस प्रकारले भएको थियो:...*

138 अब हामीले फर्केर थाहा गर्न जाँदैछौ कि पिता, पुत्र, र पवित्र आत्मा को हुनुहुन्छ, जसलाई मत्तीले भने "त्यस नाउँमा बप्तिष्मा देओ।" हेर्नुहोस्, नाउँमा; अब नाउँहरु होइन, किनभने तिनीहरु नाउँहरु हुनसक्दैनन्, किनकि त्यहाँ कुनै नाउँ छैन।

> *अब येशू ख्रीष्टको जन्म यस प्रकारले भएको थियो: जब... उहाँकी आमा मरियम योसेफसंग मगनी भएको थियो, उनीहरुको विवाह हुनभन्दा अगाडि, उनी* परमेश्वर पिताको *एउटा बच्चासंग गर्भधारण भईन्।* (के बाइबलले त्यो भन्छ? बाइबलले के भन्छ?)...*उनी पवित्र आत्माद्वारा* एउटा *बालक सहित गर्भवती भएकी थाहा भयो।*

139 तब *यी* मध्ये उहाँको पिता को हुनुहुन्छ? अब, बाईबलले भनेको छ कि *यो* उहाँको पिता हुनुहुन्छ, र येशूले भन्नुभयो कि *यो* उहाँको पिता हुनुहुन्छ। अब, कुन चाहि उहाँको पिता हो? अब, यदि उहाँको दुईवटा पिताहरु छन् भने, अब यसको बारेमा के हो? यदि उहाँको दुईवटा बुवाहरु छन् भने, उहाँ एउटा नाजायज बच्चा हुनुहुन्छ।

140 अब थोरै अगाडि पढौ:

> *तर तिनका पति योसेफ, धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा* पार्ने इच्छा *नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे।*
>
> *तर जब उनले यी कुरा विचार गर्दैथिए, हेर, सपनामा परमप्रभुका दूत* देखा *परे, र उनलाई यसो भने, योसेफ, दाऊदका*

*छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ: किनभने जो तिनको गर्भमा हुनुहुन्छ उहाँ...*[मण्डलीले भन्छ, "पवित्र आत्मा"—सम्पा।]

141 *के*? पवित्र आत्मा? ठिक छ, कसरी पिता उहाँको पिता हुनसक्छ, र पवित्र आत्मा उहाँको पिता एकै समयमा हुन सक्छ? अब, त्यसोभए उहाँको दुईवटा पिताहरु छन्, यदि त्यो सहि हो भने। होइन, श्रीमान! पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। त्यसैले परमेश्वर र पवित्र आत्मा उही व्यक्ति हुनुहुन्छ, नभए उहाँसंग दुईवटा पिताहरु छन्।

142 हेर्नुहोस्, हामी पत्ता लगाउछौ *यूहन्ना र मरियम* को थिए, केहि समय पछि। ठिक छ, हामीले पत्ता लगाउनेछौ कतै पत्रुस र मत्तीले एकअर्कालाई विरोध गर्न खोजिरहेका हुन् यहाँ होइनन् भनि, यदि धर्मशास्त्र आफैमा विरोधाभास छ भने हेर्नुहोस्। यो एउटा आत्मिक समभ्कको कमी हो। त्यो सहि हो।

*तर जब उनले यी कुराहरुमा विचार गर्दै थिए...*

143 मैले त्यो पाए, २० औं पद। अब २१ औं:

*र उनले एउटा छोरा जन्माउनेछिन्,...*(यो व्यक्ति, *यी* मध्ये को थियो? एक व्यक्ति, परमेश्वर।) *...र तिमीले उहाँको नाम* राख्नेछौ...(के?) [मण्डलीले जवाफ दिन्छ, "***येशू***"—सम्पा।] *...किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।*

*...यो सबै यस हेतुले गरियो, ताकि...अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्*

*हेर, कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ,...* व्याख्यामा, *परमेश्वर हामीसंग हुनुहुन्छ।*

144 त्यसोभए *यूहन्ना र मरियम* को थिए जो पछिसम्म सुखी जीवन बिताए? को थिए जसले यो भने, "यसकारण जाओ, सबै जातिलाई सिकाओ, तिनीहरुलाई पिता, पुत्र, पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ"? पिता को हुनुहुन्थ्यो? पिता, पुत्र, पवित्र आत्माको नाम? [कसैले भन्छ, "येशू।"—सम्पा।] निश्चय नै, यो थियो। निश्चय नै, त्यसमा कुनै विरोधाभास छैन।

अलिकति पनि छैन। यसले बस धर्मशास्त्रलाई सिधा पार्छ। उहाँ पिता, पुत्र, र पवित्र आत्मा हुनुहुन्थ्यो। परमेश्वर (इम्मानुएल) हामीसंग वास गर्दै हुनुहुन्थ्यो, "येशू" भनिने शरीरमा वास गर्दै हुनुहुन्थ्यो।

145 अब, एकवाद मण्डलीको एकवाद शिक्षा, म निश्चित रूपमा त्यससंग असहमत हुन्छु, कि येशू तपाईको औंला जस्तै एक हुनुहुन्छ भनि सोचेर। उहाँको एउटा पिता हुनुपर्छ। यदि उहाँको थिएन भने, कसरी उहाँ आफ्नै पिता हुनसक्नुहुन्छ? र यदि उहाँको पिता त्रिएकले भनेको जस्तै एउटा मानिस हुनुहुन्छ भने, त्यसो हो भने उहाँ दुईवटा पिताहरु सहित एउटा नाजायज जन्म जन्मिनुभयो। त्यसैले, तपाईले देख्नुहुन्छ, बहस गरेर तपाई दुवैजना गलत हुनुहुन्छ। बुझ्नुभयो?

146 तर यसको सत्यता यो हो कि, दुवै पिता, पुत्र, र पवित्र आत्मा, एक व्यक्तित्व हो। [टेपमा रिक्त स्थान—सम्पा।] ...संसारबाट पाप लिनको निम्ति, शरीरको वासस्थानमा वास गर्नुभयो। त्यो एकदम सहि हो, "परमेश्वर हामीसंग हुनुहुन्छ।" अब, त्यसैले, जब मत्ती २८:१९...

147 अब, तपाईले धर्मशास्त्रमा खोज्नुहोस्, र जब तपाईले भेट्टाउनुहुन्छ बाईबलमा जहाँ एउटा व्यक्ति...(अब यसको बारेमा सोच्नुहोस्, अब यसलाई तपाईबाट जान नदिनुहोस्।) ...कहाँ बाईबलमा एउटा व्यक्ति "पिता," र "पुत्र," र "पवित्र आत्माको" नाउँमा कहिल्यै बप्तिष्मा भएको छ, म कहाँ आउनुहोस् र भन्नुहोस् म एउटा पाखण्डी हुँ भनि, अनि मेरो ढाडमा एउटा चिन्ह लगाएर शहर भारी हिड्नेछु। यो उत्पत्ति देखि प्रकाशसम्म धर्मशास्त्रमा छैन। तर बाईबलमा भएका हरेक व्यक्तिले येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिएका थिए!

148 तपाई भन्नुहुन्छ, "एक मिनेट पर्खनुहोस्, प्रचारक ज्यु। यूहन्नाको बारेमा के छ? उनले कुनै पनि नाउँमा बप्तिष्मा दिएका थिएनन्!"

149 ठिक छ, के भयो हामीले पाउछौ; आउनुहोस् प्रेरित—मा—र, १९ औं अध्यायमा। त्यहाँनिर हामीले यूहन्नाको चेलाहरुलाई पाउछौं। हरेक व्यक्ति सबैको येशू ख्रीष्टको नाउँमा भएका थिए। हामीले यो समूह यहाँ नपाएसम्म। प्रेरित, १९ औं अध्याय। र अब पढाई शुरू गरौ, र हामीले यूहन्नाका चेलाहरु पाउँछौ:

> *र यस्तो हुन गयो,...जब अपोल्लोस* (जो एउटा वकिल थिए, परिवर्तन भएका) *कोरिन्थमा थिए, पावल एफिससको*

> *माथिल्लो तटबाट भएर...गएका थिए: उनले केहि चेलाहरु* भेट्टाए, (तिनीहरु येशूका अनुयायीहरु थिए)

150 यदि तपाईले भर्खरै त्यहाँ अघिल्लो अध्यायलाई ध्यान दिनुभयो भने, तिनीहरुको यस्तो राम्रो समय भएको थियो यहाँसम्म कि तिनीहरु कराए र रमाए। त्यो सत्य हो भनि कतिजनाले जान्नुहुन्छ? र अकिला र प्रिसिल्ला त्यस सभामा उपस्थित थिए। र पावल र सिलासलाई पिटिएको र हानिएको थियो, र झ्यालखाना राखिएको थियो। के त्यो सहि हो? र तिनीहरु यहाँनिर आए, र अक्किला र प्रिसिल्लालाई भेट्टाए। र तिनीहरुले त्यहाँ माथि एउटा ब्याप्टिष्ट प्रचारकद्वारा जागृति पाउदै थिए, अपोल्लोसको नामबाट, जसले धर्मशास्त्रबाट "येशू ख्रीष्ट हुनुहुन्छ" भनि प्रमाणित गरिरहेका थिए। अब पावलले तिनीहरुलाई भेट्टाउछन्:

> *...पावल...एफिससको माथिल्लो इलाकाबाट भएर जाँदै थिए:...केहि चेलाहरु* भेट्टाउछन्,
>
> *उनले* तिनीहरुलाई *भने, के* तिमीहरुले *विश्वास गरे देखि पवित्र आत्मा पाएका छौ?...*

151 अब, तपाई प्रिय ब्याप्टिष्ट मित्र, यदि—यदि यसले *तपाईको* धर्मशास्त्रको मुनिबाट निव हल्लाउदैन भने, जब तपाईले भन्नुभएको थियो, "तपाईले विश्वास *गर्दा* पवित्र आत्मा पाउनुभएको छ।"

152 तर पावलले यी ब्याप्टिष्टलाई सोध्न चाहन्थे, "तिमीहरुले विश्वास गरे *देखि* के पवित्र आत्मा पायौ?" अब हेर्नुहोस् तिनीहरुले के भन्छन्:

> *...र तिनीहरुले उनलाई भने, हामीलाई* थाहा *छैन...त्यहाँ पवित्र आत्मा हुनुहुन्छ भनि।*
>
> *र उनले तिनीहरुलाई भने, के को...*(अब, यदि तपाईले ग्रीक शब्दकोष यहाँ प्राप्त गर्न चाहनुहुन्छ भने, यसले तपाईलाई देखाउनेछ, "*कसरी* तिमीहरुको बप्तिष्मा भयो?")*...के...* तपाईको *बप्तिष्मा* भयो? *तिनीहरुले* उनलाई *भने*, यूहन्नाको अधिनमा यहाँ। यूहन्नाले हामीलाई बप्तिष्मा दिए।

153 अब म सोध्न चाहन्छु: यदि तपाईले त्यो बप्तिष्मा पाउनुभयो भने, के तपाई त्यसबाट सन्तुष्ट हुनुहुनेछ? त्यहि मानिस जसले येशूलाई नदिबाट बाहिर लगे, र येशू ख्रीष्टलाई बप्तिष्मा दिनुभयो, त्यहि मानिसले यी

मानिसहरुलाई बप्तिष्मा दिएको थियो। त्यो एकदम राम्रो बप्तिष्मा हो: छिर्काउ होइन, खन्याउने होइन, तर उही पुरानो हिलाम्मे यर्दनमा डुबाएर जुन ठाउँमा येशूको बप्तिष्मा भएको थियो। त्यसको बारेमा सोच्नुहोस्।

154 पावलले भने, "तिमीले विश्वास गरे देखि के पवित्र आत्मा पाएका छौ?" तिनीहरु...उनी...

तिनीहरुले भने, "हामी जान्दैनौ...त्यहाँ कुनै पवित्र आत्मा छ भनि।"

उहाँले भन्नुभयो, "तिमीहरुको के मा बप्तिष्मा भयो?"

तिनीहरुले भने, "हामीले बप्तिष्मा लिएका थियौ।"

"तिमीहरुको बप्तिष्मा कसरी भएको थियो?"

"यूहन्नाको बप्तिष्मा!"

155 अब हेर्नुहोस् पावलले के भने। यहाँ हेर्नुहोस्:

> *र उनले तिनीहरुलाई भने,*...के तिमीहरु बप–...*यूहन्नाको*... र तिनीहरु...

> र *त्यसपछि पावलले भने, यूहन्नाले साचै नै बप्तिष्मा दिए*...बप्–...पश्चातापको, *बताउदै थिए*...*मानिसहरुलाई*, ... *तिनीहरुले उहाँमा विश्वास गर्नुपर्थ्यो* जो *उनीभन्दा पछि आउनेवाला हुनुहुन्थ्यो, जो,* येशू ख्रीष्ट हुनुहुन्थ्यो।

156 हेर्नुहोस्, यूहन्नाले पश्चातापको *लागि* मात्रै बप्तिष्मा दिए, तर येशूको नाउँको पानीको बप्तिष्मा पापहरुबाट क्षमाको निम्ति हो। त्यसबेला प्रायश्चित गरिएको थिएन, पाप क्षमा गर्न सकिदैन थियो। अब...यो केवल एउटा अन्तस्करणको उत्तर थियो, व्यवस्थाको अधीनको जस्तै। लूका १६:१६ ले भन्यो, "व्यवस्था र अगमवक्ताहरु यूहन्नाको समयसम्म थिए, त्यसबेला देखि राज्य प्रचार गरिएको छ।" अब हेर्नुहोस्। र...हेर्नुहोस्।

> र पावलले *भने अन*–...(अब हेर्नुहोस्)...*के* तिमीहरुले *प्राप्त* गर्यौ...

157 पाँचौ—पाँचौ पद:

> र *जब तिनीहरुले यो सुने, तिनीहरु* (फेरी) येशू ख्रीष्टको... *नाउँमा बप्तिष्मा भए।*

158 त्यो सहि हो? त्यसपछि यी मानिसहरु, प्रेरित २ का मानिसहरु, येशूको नाउँमा बप्तिष्मा भएका थिए। यहूदीहरुले येशूको नाउँमा बप्तिष्मा लिएका थिए। अन्यजातिहरुले येशूको नाउँमा बप्तिष्मा लिएका थिए। र सम्पूर्ण बाइबलमा भएका प्रत्येक व्यक्तिले येशूको नाउँमा बप्तिष्मा लिएका थिए।

159 अब एउटा ठाउँ पत्ता लगाउनुहोस् जहाँ कोहिको पनि अर्को तरिकामा बप्तिष्मा भएको, अनि म ठिक यहाँ फर्केर जानेछु र तपाईले देखाउनेछु जहाँ क्याथोलिक मण्डलीले यो स्वीकार गर्छ, र भन्छ कि तपाई यसमा झुक्नुहुन्छ। र भन्यो, "त्यहाँ केहि प्रोटेस्टेन्टहरु बचाईएको हुनसक्छ किनभने तिनीहरुसंग केहि क्याथोलिक सिद्धान्तहरु छन्, जस्तो कि 'पिता, पुत्र, र पवित्र आत्मा' को नाउँमा बप्तिष्मा; कि पवित्र क्याथोलिक मण्डलीलाई येशूको नाउँबाट त्यो पवित्रता परिवर्तन गर्ने अधिकार छ, 'पिता, पुत्र, र पवित्र आत्मा,' र प्रोटेस्टेन्ट मण्डलीले यसलाई स्वीकार गर्दछ।" यो एउटा गर्दैन, म बाईबलसंगै बस्छु। म बाईबललाई विश्वास गर्छु।

160 तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, के तपाईले मानिसहरुलाई फेरी बप्तिष्मा लिनको लागि आज्ञा दिनुहुन्छ?" बिल्कुल! पावलले गरे, यहाँ।

161 अब हेर्नुहोस्, गलाती १:८ मा हेरौ, र पावलले के भनेका थिए पत्ता लगाऔं:

> *...यद्धपि हामी, वा स्वर्गको स्वर्गदूतले, अरु कुनै सुसमाचार तिमीहरुलाई प्रचार गर्छ भने...त्यो श्रापित होस्।*

162 त्यहाँ तपाई हुनुहुन्छ, "यदि हामी वा एउटा स्वर्गदूत।" र पावल, उही मानिस, मानिसहरुलाई फेरी बप्तिष्मा लिनको लागि आज्ञा गरे जसमा तपाईसंग भएको भन्दा धेरै राम्रो बप्तिष्मा थियो, मेरो भाई; किनकि बप्तिष्मा दिने यूहन्ना येशूको आफ्नै दाई, चचेरा दाई थिए; आफ्नै फुपू भाईलाई यर्दनको नदिमा बप्तिष्मा दिए, र वरपर फर्किए र यूहन्नाका चेलाहरुलाई बप्तिष्मा दिए। र येशूले भन्नुभयो, "त्यसले काम गर्दैन!" वा पावलले यो भने, र तिनीहरुलाई पवित्र आत्मा प्राप्त गर्न अगाडि फेरी पनि येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिनको निम्ति आज्ञा गरे; तिनीहरुले कराउने र परमेश्वरमा प्रशंसा गर्ने र भव्य समय भएपछि गरे, एउटा महान्—महान् जागृति भएको, र येशू नै ख्रीष्ट हुनुहुन्छ भनि बाइबलबाट प्रमाणित गर्दै (तिनीहरुको धर्मशास्त्रसंग)। कतिजनालाई थाहा छ त्यो धर्मशास्त्र हो भनि? १८ औं अध्याय। पक्कै पनि।

त्यहाँ तपाई हुनुहुन्छ। त्यसैले त्यहाँ यसमा कुनै प्रश्न नै छैन।

163 अब म तपाईलाई एउटा सानो मूख्य किरा दिन्छु। अब, उनी कहिल्यै क्रमबाट बाहिर गएनन्, तर लूका...मत्ती, १६ औं अध्यायमा। येशू, जब तिनीहरु डाँडाबाट बाहिर आए, उहाँले भन्नुहुन्छ, "मानिसले के भन्छ म मानिसको पुत्र को हुँ?"

164 "कसैले तपाई 'एलिया' हो भन्छ, र कसैले तपाई 'अगमवक्ता' हुनुहुन्छ भन्छन्, र कसैले तपाई '*यो, त्यो*'" भन्छन्।

165 उहाँले भन्नुभयो, "तर तिमीहरुले के भन्छौ?"

166 पत्रुसले भने, "तपाई ख्रीष्ट, जीवित परमेश्वरको पुत्र हुनुहुन्छ।"

167 हेर्नुहोस्! "धन्य हो तिमी, सिमोन बार–जोना (जोनासको छोरा), मासु र रगतले तिमीलाई यो कहिल्यै प्रकट गरेन।" आमेन!

168 हेर्नुहोस्, यो आत्मिक प्रकाश आउनुपर्छ। मासु र रगतले कहिल्यै हाबिललाई भनेन कि त्यो गलत छ (कयिन, जो गलत थियो), हबिललाई कहिल्यै भनेन "कि कयिन गलत थियो भनि।" तर यो प्रकाश थियो जुन हाबिलसंग थियो, "यो रगत थियो!" हामी त्यो प्रश्नमा केहि मिनेटमा आउदैछौ। यो रगत थियो, कुनै फलहरु होइन, जसले हामीलाई अदनको बगैंचाबाट ल्यायो। "यो रगत थियो," र हाबिल, आत्मिक प्रकाशद्वारा, यो रगत थियो भनि परमेश्वरद्वारा प्रकाश पारिएका थिए, र उनले, "विश्वासद्वारा," हिब्रू ११:१ भन्छ, "उनले परमेश्वरलाई कयिनले भन्दा पनि उत्तम बलिदान चढायो। जुन, परमेश्वरले उनको बलिदान स्वीकार गर्नुभयो।" त्यहाँ तपाई हुनुहुन्छ। हेर्नुहोस्, उनले यो विश्वासद्वारा चढाए, प्रकाशद्वारा।

169 अब हेर्नुहोस्, "मासु र रगतले तिमीलाई यो प्रकट गरेको होइन," (प्रभु येशूतर्फ)। "तर स्वर्गमा हुनुहुने मेरा पिताले तिमीलाई यो प्रकट गर्नुभयो। र यो चट्टानमा (येशू ख्रीष्टको प्रकाश)...यस चट्टान माथि म मेरो मण्डली बसाल्नेछु, र नरकको ढोका यसको विरुद्ध विजयी हुनेछैन।" त्यहि नै उहाँले भन्नुभयो। आत्मिक प्रकाश–..."र म भन्छु कि तिमी पत्रुस हौ, र म तिमीलाई राज्यको साँचाहरु दिनेछु। र जे पनि...किनभने तिमीले यहाँ र स्वर्गको बीचको आत्मिक प्रकाश पाएका छौ। मासु र रगत: तिमीले कहिल्यै पनि सेमिनारी लिएनौ, तिमीले कहिल्यै पनि विद्यालयको शिक्षा लिएनौ, तिमीले कहिल्यै पनि धर्मशास्त्रको एउटा—एउटा—एउटा

पाठ्यक्रम लिएनौ। तर तिमी परमेश्वरमा भर पर्यौ, र परमेश्वरले तिमीलाई यो प्रकाश गर्नुभयो, र यो बिल्कुल स्पष्ट धर्मशास्त्र हो जुनले यसलाई संगै गाँस्छ। म भन्छु तिमी पत्रुस हौ, त्यो सहि हो, र म तिमीलाई साँचाहरु दिनेछु; र जे तिमीले पृथ्वीमा बाँध्नेछौ, म त्यो स्वर्गमा बाँध्नेछु; जे तिमीले पृथ्वीमा फुकाउछौ, म त्यो स्वर्गमा फुकाउनेछु।"

170 र पत्रुस पेन्टिकोष्टको दिनमा प्रवक्ता थिए, जब तिनीहरु सबै बोल्न डराएका थिए, उनी बोले र भने, "तिमीहरु यहूदियाका मानिसहरु र तिमीहरु जो यरूशलेममा बस्छौ, यो तिमीहरुलाई थाहा होस् र मेरा वचनहरु सुन। किनभने तपाईंहरूले ठान्नुभएझैँ यिनीहरू मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ, तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो। 'आखिरी दिनहरूमा यस्तो हुनेछ' भनी परमेश्वर भन्नुहुन्छ, 'सबै मानिसहरुमा म मेरो आत्मा खन्याउनेछु। र तिमीहरूका छोराहरू, र तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्। म आफ्ना दास–दासीहरूमाथि, ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र म माथि स्वर्गमा र तल पृथ्वीमा चिन्हहरु देखाउनेछु, र धुवा र बाफको खम्बाहरु देखाउनेछु। परमप्रभुको महान् र गौरवमय दिन आउन अगाडि यो हुनेछ, कि जसले परमप्रभुको नाउँ पुकार्दछ त्यसको उद्धार हुनेछ।'" त्यहाँ तपाई हुनुहुन्छ। ओ, मेरो।

171 "मलाई स्वतन्त्र रूपमा तपाईको सामु कुलपिता दाऊदको बारेमा बोल्न दिनुहोस्," उनले भने, "ऊ दुवै मरेको र गाडिसकेको छ, र उसको चिहान आजको दिनसम्म हामीसंग छ। त्यसैले, एउटा अगमवक्ता भएकोले, उनले देखे...उहाँको दाहिने हातमा पूर्वदृष्टिले देखे, 'र म डगमगाउनेछैन। यसबाहेक मेरो शरीरले आशामा विश्राम गर्नेछ किनभने उहाँले मेरो प्राणलाई नरकमा छोड्नुहुन्न, न त तपाईको पवित्र जनलाई कुहुन दिनुहुनेछ।'"

172 "र दाऊद दुवै मरे," उनले भने, "र गाडियो, र उनको चिहान आज पनि हामीसंग छ। तर एउटा अगमवक्ता भएकोले, उनले त्यो धर्मी जन आउदै गरेको देखे, जसलाई परमेश्वरले दुवै परमप्रभु र ख्रीष्ट बनाउनुभयो।" ओ, मेरो। त्यहाँ तपाईको धर्मशास्त्र छ। त्यहाँ छ कुरा। त्यही नै हो।

173 अब हामीले यहाँ पाउछौ, तब, त्यो सहि तरिका, र वास्तविक तरिका, र एक मात्र तरिका जुन सधै नियुक्त गरिएको थियो...र पत्रुससंग साँचाहरु थिए, र उनले प्रचार गरेको दिनमा, तिनीहरुले भने...अब हेर्नुहोस्,

यहाँ पहिलो मण्डली छ। तपाई क्याथोलिकहरु यो कुरा सुन्नुहोस्। तपाई क्याम्पबेलिहरु यो सुन्नुहोस्। तपाई ब्याप्टिष्ट र मेथोडिष्टहरु यो कुरा सुन्नुहोस्। र तपाई पेन्टिकोष्टलहरुले यो सुन्नुहोस्। परमेश्वरको मण्डली, नाजरिन्स, पिल्ग्रिम होलीनेस, यो सुन्नुहोस्।

174 पत्रुससंग साँचाहरु थिए, र उनीसंग अख्तियार थियो, वा येशूले झुट बोल्नुभयो। र उहाँको लागि झुट बोल्न असम्भव छ, "दुईवटा अपरिवर्तनशील कुराहरु, परमेश्वरले झुट बोल्न असम्भव छ।" उनीसंग साँचाहरु थिए। येशूले उनलाई साँचाहरु दिनुभयो। जब उहाँ त्यसरी— तेस्रो दिनमा बौरी उठ्नुभयो, उहाँसंग मृत्यु र, नरकका साँचाहरु थियो, तर राज्यका साँचाहरु थिएन। पत्रुससंग ती थिए! यो एकदम सहि हो।

175 र अब ध्यान दिनुहोस्, पत्रुस, तिमीसंग साँचाहरु छेउमा झुन्डिरहेको छ, र तिमी प्रचार गर्दैछौ। प्रश्न आउँछ, नयाँ मण्डलीको पहिलो धर्मान्तरितहरु। प्रारम्भिक इसाई मण्डली। अब क्याथोलिक, अब ब्याप्टिष्ट, मेथोडिष्ट, प्रेस्बिटेरियन, के तपाई नयाँ मण्डलीको सिद्धान्तमा हुनुहुन्छ? यदि तपाई हुनुहुन्छ भने पत्ता लगाउनुहोस्।

> ...मानिस *र दाजुभाईहरु, हामीले के गर्न* सक्छौ?
>
> ...*पत्रुस* उठे र *भने...पश्चाताप गर,...तिमीहरु सबै...* (हेर, केटा; जुन तरिकामा तिमीले यी साँचाहरु यहाँ राख्छौ, ख्रीष्टले स्वर्गमा यसलाई राख्नुहुनेछ) ...*पश्चाताप गर,* तिमीहरु सबैजनाले, र *येशू ख्रीष्टको नाउँमा* बप्तिष्मा लेओ...(यसरी नै तपाई यसमा जानुहुन्छ) ...*तिमीहरुको पापको क्षमाको निम्ति,* र तिमीहरुले *पवित्र आत्माको वरदान पाउनेछौ।*

176 साँचाहरु यहाँ "क्लिक" गयो, र यो त्यहाँ "क्लिक" गयो। त्यहि नै कारणले हो यूहन्नाको चेलाहरु आएर, येशू ख्रीष्टको नाउँमा, फेरी पनि, पुनः बप्तिष्मा लिनु परेको थियो। (तिनीहरु स्वर्ग जानभन्दा अगाडि), पवित्र आत्मा पाओ। उहाँले आफ्नो वचन पूरा गर्नुभयो। त्यसैले यसलाई अब तपाईलाई भ्रमित पार्दैन, गर्छ र? बुझ्नुभयो? निश्चय नै, मत्ती २८:१९ एउटा उपनाम थियो, नाउँ होइन।

177 ठिक छ, हामीसंग अझै कति समय छ? के हामीसंग अझै पन्ध्र मिनेट बाँकी छ केहि प्रश्नहरुको जवाफ छिट्टो–छिट्टो दिनको लागि? सक्छौ र? ठिक छ, हामी चाडो गर्नेछौ। मसंग यहाँ तल दुईवटा छ, म त्यो चाडो लिन

चाहन्छु, ठिक योसंग जोड्न चाहन्छु, यदि मैले सक्छु भने। त्यसपछि मैले बाकि रहेकाहरु आईतबार बिहान लिनसक्छु।

57. **के कयिन सर्पको सन्तान थियो?** (यो एउटा राम्रो हो।) **यदि त्यसो हो भने, किन आदमले सहवास नगरेसम्म हव्वा गर्भवती भईनन्?**

उही...अर्को प्रश्न उही तरिकामा छ:

58. **के यो एउटा—एउटा भौतिक रूख थियो जसबाट हव्वाले फल खाएकी थिईन्? उनले यो खानको लागि राम्रो भएको देखेकी थिईन्।**

178 ठिक छ, भाई, बहिनी, जो कोहि पनि यो हुनुहुन्छ, आउनुहोस् पछाडि उत्पत्तिमा फर्केर जाऔ र यहाँ केहि कुरा पत्ता लगाऔ। आउनुहोस् उत्पत्ति ३:८ मा जाऔ, यदि तपाई चाहनुहुन्छ भने। ठिक छ, र अहिले नजिकबाट सुन्नुहोस्।

179 अब म कथा ल्याउदछु। यो सबै शुद्ध र पवित्र थियो, त्यहाँ कुनै पाप वा अशुद्धता थिएन। अब म...तपाईको...यो पहिलो प्रश्न पहिले लिनेछु। जीवनमा रूख...बगैंचाको बीचमा, रूखको बीचमा। *रूख* "स्त्री" थिईन्। अब म तपाईलाई त्यो धर्मशास्त्रबाट प्रमाणित गर्नेछु यदि तपाई बस केहि मिनेटको लागि धैर्यता राख्नुहुन्छ भने।

180 हामी पहिले थाहा पाउनेछौ कि उनी...के उनी आदमसंग सहवास गर्न अगाडि गर्भवती भएकि थिईन् या थिईनन्, वा पहिले...सुन्नुहोस्:

> अनि *साँझपख* ***परमप्रभु*** *परमेश्वर बगैँचामा डुल्दैहुनुहुँदा, तिनीहरूले उहाँको सोर सुने: र मानिस र उनकी पत्नी बगैँचाका रूखहरूका* बीचमा ***परमप्रभु*** *परमेश्वरको नजरबाट लुके।*
>
> *र* ***परमप्रभुले****...आदमलाई बोलाउनुभयो, र भन्नुभयो..."तँ कहाँ छस्?"*
>
> *उनले भने, मैले तपाईंको सोर बगैँचामा सुनें, र म डराएँ, किनभने म नाङ्गै थिएँ;...* (अब, उसलाई थाहा थिएन त्यो अघिल्लो दिन; केहि भएको थियो, उनी नाङ्गो थियो भनि केहि कुराले उसलाई प्रकट गर्यो) *र मैले आफैलाई लुकाए।*
>
> *उहाँले सोध्नुभयो, तँ नाङ्गै छस्* भनेर *कसले भन्यो?* के *तैंले त्यो खाइस्,...?*

181 रूखको फल खाएमा उसलाई आफु नाङ्गो भएको थाहा हुन्छ? जस्तो मैले बारम्बार भनेको छु, (यो ठट्टा होइन, मेरो मतलब यो ठट्टाको लागि होइन) "यदि स्याउ खानाले महिलाहरुलाई तिनीहरु नाङ्गै छन् भन्ने थाहा दिएको भने, हामीले फेरी पनि स्याउ दिदा राम्रो हुन्छ।" बुझ्नुभयो? यो नाङ्गो थिएन। यो एउटा रूख थिएन, तिनीहरुले खाएका स्याउ, यो यौन क्रिया थियो। हेर्नुहोस्:

> ...जुन *रूखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस्?*
>
> *मानिसले भने, जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी* दिनुभएको थियो, *त्यसैले मलाई त्यो रूखको फल दिई... रुखको, र मैले खाएँ।*
>
> *र* ***परमप्रभुले****...आफ्नो स्त्रीलाई भन्नुभयो, तैले यो के गरिस्? र स्त्रीले भनिन्, मलाई सर्पले मलाई बहकायो,...*(ह?)*...सर्पले मलाई बहकायो, र मैले खाए।* (उनी गर्भवती हुनुभन्दा धेरै समय अगाडि, हेर्नुहोस्, आदमद्वारा)

182 आदमले उनीसंग सहवास गरे, र उनी गर्भवती भईन् अनि—अनि हाबिललाई जन्माईन्।

183 तर म तपाईलाई सोध्न चाहन्छु, केवल शाब्दिक दृष्टिकोणबाट। अब तपाईलाई उनी रूख थिईन् भनि प्रमाणित गर्नको लागि, हरेक महिला एउटा फलफूलको रूख हुन्। कतिजनालाई त्यो थाहा छ? के तपाई आफ्नो आमाको फल होइन र? निश्चय नै, तपाई हुनुहुन्छ। "र फलको बिचमा, वा रूखको बिचमा, त्यो फल जसलाई उनले छुन सक्दैनन्।"

184 यदि तपाईले ध्यान दिनुभयो भने, के येशू जीवनको रूख होइन र? के उहाँले सन्त मत्तीमा प्रतिज्ञा गर्नुभएन र, वा, सन्त यूहन्ना, छैठौ अध्याय, "म जीवनको रोटि हुँ जुन स्वर्गबाट परमेश्वरबाट आएको हुँ"?

185 यदि एउटा पुरुषले स्त्रीबाट खायो भने...र हेर्नुहोस्, जन्मद्वारा... स्त्रीबाट जन्मेर हामीहरु सबै मर्छौं; किनकि हामीहरु मृत्युको अधिनमा छौ (के त्यो सहि हो?) स्त्रीको एउटा जन्मद्वारा। मानिसको जन्मद्वारा, हामी सबै सधैंभरि जिउछौ। महिला मृत्युको रूख हो, पुरुष जीवनको रूख हो; किनकि महिला आफूमा जीवन समेत दिन सक्दैन। त्यो एकदम सहि हो। जीवनको—किटाणु मानिसबाट सहि तरिकामा, निस्किन्छ। स्त्री भित्र

जान्छा, र महिला केहि नभएर एउटा इनक्युबेटर हो; र बच्चा जोडिएको हुदैन, केवल नाभिको डोरी जोडिएको हुन्छ। आमाको रगतको एउटा कण पनि बच्चामा हुदैन; उनको रगतमा जन्मिन्छ, तर एउटा कण पनि बच्चा*मा* हुदैन। जानुहोस् खोज्नुहोस्...या चिकित्सकको पुस्तक पढ्नुहोस्, वा आफ्नो चिकित्सकलाई सोध्नुहोस्, तपाईले देख्नुहुनेछ। यो त्यहाँ छैन, छैन, श्रीमान, यसको एउटा कण पनि छैन। उनी केवल अण्डा हुन्, त्यहि नै हो। र जीवन मानिसबाट आउँछ।

186 त्यो स्त्रीद्वारा, प्राकृतिक जन्मद्वारा, हामी सबै मर्नुपर्छ भनि देखाउनको लागि त्यो एउटा सुन्दर चित्रण हो, किनभने हामी शुरू गर्नको लागि मृत छौ; र मात्रै मानिस ख्रीष्ट येशूद्वारा हामी जिउन सक्छौ। र त्यहाँ अदनको बगैंचामा दुईटा रूखहरु छन्। के तपाईले यो देख्न सक्नुहुन्न?

187 र हेर्नुहोस्! र त्यस दिनमा यस रूखलाई त्यहाँ एउटा करूबले पहरा दिएको थियो। कि यदि तिनीहरुले कहिल्यै यो जीवनको रूख चाखे भने तिनीहरु सबै सदाको निम्ति जिउनेछन्। कतिजनालाई त्यो थाहा छ? तिनीहरु सधैभरी जिउने थिए। र पहिलो पटक तिनीहरुले यसको स्वाद चाख्न सके...स्वर्गदूतले भने, "हामी यसको रक्षा गर्नेछौ।" र तिनीहरुले त्यसको रक्षा गर्नको निम्ति करूब स्वर्गदूतहरुलाई ती ज्वालामुखी तरवारहरुसंग पूर्व तर्फ राखे। तिनीहरुले यसलाई फर्काएर पूर्वमा लागे, र त्यो रूखलाई ज्वलन्त तरवारहरुले पहरा दिए ताकी तिनीहरुले यसलाई पाउन नसकून् (यो रुख)।

188 र जब येशू आउनुभयो, उहाँले भन्नुभयो, "म जीवनको रोटी हुँ, कि यो रोटी खाने मानिस कहिल्यै मर्नेछैन।" त्यहाँ तपाईको रूख छ।

189 त्यहाँ तपाईको स्त्री छिन्, त्यहाँ तपाईको यौन छ जसले मृत्यु ल्याउछ। जत्ति निश्चित त्यहाँ यौन इच्छा हुन्छ, त्यहाँ यसले छोडेको मृत्यु छ। र जत्तिको निश्चित त्यहाँ एउटा आत्मिक जन्म हुन्छ, त्यहाँ यसले छोडेको अनन्त जीवन छ। मृत्यु एउटा महिलाको जन्मद्वारा आउछ, र जीवन एउटा पुरुषको जन्मबाट आउछ। आमेन! त्यहाँ तपाई हुनुहुन्छ।

190 अब फर्काएर कयिनमा लगौ। के तपाईले मलाई भन्न सक्नुहुन्छ त्यो आत्मा र मतलबीपन कहाँबाट आयो? यदि कयिन...हेर्नुहोस्, यदि कयिन आदमको छोरा थियो भने जुन परमेश्वरको पुत्र थियो, त्यो दुष्ट कहाँबाट आयो? पहिलो कुरा त जब उनी जन्मेका थिए, त्यसले घृणा गर्यो, उनी

एउटा हत्यारा थियो, त्यो डाही थियो। र अब उसको बुवाको स्वभावलाई लिनुहोस्, शुरूमा नै, लुसिफर, र उनी शुरूमा थिए...त्यो माइकल प्रति डाही थियो, जसले सम्पूर्ण समस्या शुरू गर्यो। कतिजनालाई त्यो थाहा छ? र कयिन त्यसको पिताको स्वभावमा थियो, जुन त्यो आफ्नो भाई प्रति डाही थियो र उसलाई मार्यो। त्यो शुद्ध...त्यो स्वभाव त्यो शुद्ध धाराबाट बाहिर आउन सक्दैन। यो...यो विकृत धाराबाट बाहिर आउनुपर्थ्यो। र कयिनलाई ध्यान दिनुहोस्, उनी जन्मने बित्तिकै।

191 र त्यसपछि हाबिल जन्मियो उ पछि, तब उनी आदमबाट गर्भवती भईन्, र उनले उनलाई सह—सहवास गरे र उनले हाबिल नामको छोरा जन्माईन्। र हाबिल ख्रीष्टको एक चित्रण थियो; र जब—जब हाबिल मारियो, सेथले उनको स्थान लिए; मृत्यु, दफन, र ख्रीष्टको पुनरुत्थान, प्रकारमा।

192 तर, अब, कयिनले आराधना गरे; उसको सबै शारीरिक कामहरु, ठिक आजको संसारिक मण्डली जस्तै: तिनीहरु मण्डली जान्छन्, तिनीहरुले आराधना गर्छन्। कयिनले आराधना गरे; उनी अविश्वासी थिएनन्, उनी एक साम्यवादी थिएनन्। कयिन एउटा विश्वासी थियो; उनी परमेश्वर कहाँ गए, उनले एउटा वेदी बनाए। उनले हाबिलले गरेका सबै धार्मिक कामहरु गरे, तर उनीसंग परमेश्वरको इच्छाको आत्मिक प्रकाश थिएन। परमप्रभुको नाउँ धन्यको होस्! त्यहाँ तपाई हुनुहुन्छ। के तपाईले यो देख्नुहुन्छ? उनीसंग आत्मिक प्रकाश थिएन, र त्यहि नै आज मण्डलीसंग छ। र येशूले भन्नुभयो उहाँले आफ्नो मण्डली आत्मिक प्रकाशमा निर्माण गर्नुहुनेछ। तपाईले बुझ्नुभयो? ओ, मेरो, तपाईको आँखा अब खुल्न सक्छ। हेर्नुहोस्, आत्मिक प्रकाश।

193 कयिन आयो: त्यसले वेदी बनायो, त्यसले आराधना गर्यो, त्यसले बलिदान ल्यायो, त्यसले द=घुडा टेक्यो, त्यसले परमेश्वरको प्रशंसा गर्यो, त्यसले परमेश्वरको आराधना गर्यो, त्यसले हाबिलले गरेको सबै धार्मिक कार्य गर्यो। र परमेश्वरले त्यसलाई स्पष्टसंग इन्कार गर्नुभयो किनभने उनीसंग आत्मिक प्रकाश थिएन!

194 कयिनको उही वंशलाई पछ्याउनुहोस्: ठिक तल जहाजसम्म, जहाजबाट ठिक माथि इस्राएलमा, इस्राएलबाट ठिक येशूमा, र येशूबाट ठिक आजको दिनसम्म; र हेर्नुहोस् यदि यो शारीरिक, आधारभूत मण्डली,

कठोर र रूखो, विद्वान, मेरो मतलव मानिसहरु जोसंग धर्मशास्त्र छ, जसले सबै सिद्धान्त र धर्मशास्त्रहरु जान्दछ, तिनीहरुले यो व्याख्या गर्न सक्छन्, केटा, ठिक *त्यस्तै*, तर आत्मिक प्रकाश बिना! [भाई ब्रन्हामले आफ्नो औलाहरु बजाउनुभयो—सम्पा।] त्यो सहि हो। त्यहि नै कयिनको सिद्धान्त हो।

195 बाइबलले भन्छ, "हाय तिनीहरुलाई! किनकि तिनीहरु कयिनको सिद्धान्तमा गएका छन्, बालमका गल्तीमा लागेका छन्, र कोरहको कुरामा नाश भएका छन्।" उहि पुस्तक, यहूदा, उहाँले भन्नुभयो, "तिनीहरु यो दण्डको निम्ति पूर्वनिर्धारित थिए।" निश्चय नै, तिनीहरु छन्। बुझ्नुभयो? बालम के थियो? उनी एक विशप थिए। उनी सबै मण्डलीमाथि थिए। उनी त्यहाँ माथि हुनसक्ने सम्मको मौलिक भएर आएका थिए। उनले प्रस्ताव गरे...उनलाई त्यहाँ माथि सेलीब्रिटिमा उभिरहेको हेर्नुहोस्, त्यहाँ माथि तिनीहरुको महान सेलिब्रेटीमा उभिरहेको। र तिनीहरु अविश्वासीहरु थिएनन्, तिनीहरु विश्वासीहरु थिए।

196 त्यो—त्यो मोआबको कुल लोतकी छोरीबाट आएको थियो। लोत जो जिएको थियो...लोतकी छोरी जो आफ्नो बुवासंग बसे, र गर्भवती भए र एउटा बच्चा ल्याईन्, र त्यो बालक...मोआबको कूललाई ल्यायो। र तिनीहरु एउटा ठूलो सम्प्रदाय थिए। महान्, सुन्दर मानिसहरु, र तिनीहरुका राजकुमारहरु र राजाहरु र प्रख्यात मानिसहरु थिए। तिनीहरुसंग विशपहरु र कार्डिनलहरु र सबैकुराहरु थिए।

197 र यहाँनिर पवित्र भनाउदाका एउटा झुण्ड माथि आउछ, अर्को समूह, इस्राएल; एउटा सानो पुरानो समूह जुन असंप्रदाय थियो, अन्तरसंप्रदाय। र तिनीहरुले त्यहाँ नक्सामा गर्नुपर्ने सबै कुरा गरे, नराम्रो पनि। तर यो के थियो, तिनीहरुसंग आत्मिक प्रकाश थियो, र परमेश्वर तिनीहरुसंग आगोको खम्बामा हुनुहुन्थ्यो।

198 ओ, म—मलाई थाहा छ कि तिनीहरुसंग शारीरिक कुराहरु थिए, र मानिसहरुले भने, "फिरन्तेका यस्तो एउटा झुण्ड, तिनीहरुलाई बाहिर निकाल्ने बाहेक केहि गर्न पर्दैन।" तर तिनीहरुसंग आत्मिक प्रकाश थियो, र तिनीहरुसंग प्रहार गरिएको चट्टान थियो, तिनीहरुसंग काँसाको सर्प थियो, तिनीहरुसंग आगोको खामो थियो। हाल्लेलुयाह! म तपाईलाई चिन्छु—तपाईलाई लाग्छ कि म उत्साहित छु, तर म उत्साहित छैन। म केवल राम्रो

महसूस गर्दैछु।

199 ध्यान दिनुहोस्! जब म सोच्छु, “कि उही परमेश्वर, आज, हामीसंग जिउनुहुन्छ।” यो अझै पनि वचनको आत्मिक प्रकाश हो। निश्चय नै, यो हो। यो सदाको लागि सहि हो। परमप्रभुको नाउँ धन्यको होस्! हो, श्रीमान।

200 यहाँ उ उभियो, एक मौलिक; ती ब्याप्टिष्ट र प्रेस्बिटेरियनहरुका झुण्डहरु डाँडामा उभिए, र तिनीहरुको विशपलाई त्यहाँ ल्याए। र तिनीहरु उत्तिकै धार्मिक थिए, र उही किसिमका धर्म थिए, तिनीहरुले उही परमेश्वरलाई पुज्थे। तिनीहरुले भने, “तल यो फोहोरलाई यहाँ हेर। किन, तिनीहरुको एउटा संगठित सम्प्रदाय समेत छैन। तिनीहरु अरु केहि होइनन् तर ठट्टा गर्ने, चिच्याउने, पवित्र भनाउदाका झुण्ड हो।”

201 के त्यो सहि हो? एकदमै; तिनीहरु थिए। तिनीहरु पवित्र भनाउदाहरु थिए भनि विश्वास गर्नुहुन्न भने, उत्पत्तिमा फकाएर लानुहोस् अनि तिनीहरुले कहिले पार गरे त्यो पत्ता लगाउनुहोस्। र एउटा चमत्कार गरिएको थियो, र मरियमले एउटा खैंजडी लिएर तल किनारमा गईन्, त्यसलाई पिट्दै; आत्मामा नाच्दै थिए, र मोसाले आत्मामा गाएका थिए। यदि तिनीहरु झुण्ड होइन जसलाई हामीले भन्ने गर्छौ...पवित्र भनाउदाहरुको झुण्ड, मलाई थाहा छैन के हो; गाउदै र उफ्रिदै र प्रशंसा गर्दै। र हरेक समय राष्ट्रहरुले तिनीहरुलाई घृणा गरे, तर परमेश्वर तिनीहरुसंग हुनुहुन्थ्यो। तिनीहरुसंग आत्मिक प्रकाश थियो, त्यो आगोको खामो पछ्याईरहेका थिए।

202 र मोआबले भने, “अब, यहाँ हेर्नुहोस्। हामी सबै कार्डिनलहरु र विशपहरुलाई बोलाउछौ, र सबै प्रेस्बिटरहरु, र तिनीहरुलाई यहाँ ल्याउछौ। हामीले यसको बारेमा केहि गर्नेछौ, किनकि हामी धार्मिक राष्ट्र हौ। हामी त्यो दुष्प्रचारलाई हाम्रो उत्तम संगठनमा मिसिन दिने छैनौ।”

203 र त्यसैले तिनीहरुलाई यहाँ बाहिर ल्याए। र तिनीहरुले बाह्रवटा वेदीहरु बनाए; त्यहि नै जुन इस्राएलसंग थियो, बाह्रवटा वेदीहरु। तिनीहरुले बाह्रवटा बलिदानहरु यसमा राखे, गोरुहरु; ठिक त्यस्तै नै जस्तो इस्राएलले गरेको थियो, जुन परमेश्वरले चाहनुभएको थियो। तिनीहरुले यसमा बाह्रवटा भेडा राखे, प्रभु येशू ख्रीष्टको आगमनलाई प्रतिनिधित्व गर्दै; दुवै ठाउँमा बाह्रवटा भेडा।

204 सबै सेलिब्रेटीहरु, विशपहरु र सबैजना, वरपर उभिए। तिनीहरुले वलि चढाए। तिनीहरुले प्रार्थना गरे, तिनीहरुले आफ्ना हातहरु यहोवा तर्फ

उठाए र भने, "यहोवा, हामीलाई सुन्नुहोस्!" तिनीहरुले के गर्न खोज्दै थिए? र तिनीहरुको बुढो बालम त्यसरी अगाडि बढे, र उनमा आत्मा तल आउनुभयो। निश्चय नै (तर उनी एक शारीरिक थिए।)

205 पाखण्डीमा आत्मा खस्न सक्छ, बाइबलले भनेको छ। मैले त्यो सिकाएको तपाईले सुन्नुभएको छ, अब। "धर्मी र अधर्मी दुवैमा पानी पर्छ।" तर यो वचनसंग तुलना गरिनुपर्छ, त्यहाँनिर तपाईले यो पाउनुहुन्छ।

206 त्यसपछि जब उनले गरे, र...जब आत्माले, यद्धपि, उनमा सत्यता भनिदिनुभयो, उनले इस्राएललाई श्राप दिन खोजे, र उनले इस्राएललाई आशिष दिए।

207 अब, यदि परमेश्वरले एउटा राम्रो मण्डलीलाई आदर गर्नुहुन्छ भने, र एउटा राम्रो विशप, र एउटा अद्भूत पाष्टर, मानिसहरुको एउटा विद्वान समूह, त्यो बलिदान स्वीकार गर्न उहाँ कर्तव्यबद्ध हुनुहुन्थ्यो, किनभने उनी आधारभूत रूपमा उत्तिकै सहि थिए जत्तिको इस्राएल थियो। तर उनीसंग वचन र परमेश्वरको इच्छाको आत्मिक प्रकाश थिएन। त्यहाँ तपाई हुनुहुन्छ, त्यहि नै भिन्नता हो आज।

208 येशूलाई हेर्नुहोस्। तिनीहरुले भने, "त्यो मान्छेबाट टाढा बस। हामी जान्दछौ कि उ समरी हो। उ पागल हो। के तिमीले हामीलाई सिकाउने? ठिक छ, तिमी व्यभिचारबाट जन्मेको हौ। तिमी आउँदा अरु केहि नभएर एउटा नाजायज बच्चा हौ। तिम्रो बुवा को हो? तिम्रो पिता परमेश्वर हो भन्छौ, तिमी इश्वरनिन्दक हौ! किन, तिमीले हामीलाई भन्न खोज्दैछौ? हामी प्रचारकहरु हौ, हामी विशप हौ; हाम्रा महान्–महा–महा–महा–महा–महा–महा–महा–बाजे प्रचारक र विशप हुनुहुन्थ्यो। हामीहरु मण्डलीमा जन्मियौ र हुर्क्यौं। हामी उच्चस्तरीय सेमिनारीहरुबाट भएर आएका छौ। हामीलाई हरेक वचनबाट अक्षरसम्म थाहा छ। र तिमीले हामीलाई सिकाउन खोज्छौ? तिमी कहिल्यै कुन विद्यालयमा गयौ? यो शिक्षा तिमीले कहाँबाट पायौ?"

209 उहाँले भन्नुभयो, "तिमीहरु...तिम्रो पिता शैतानबाट हौ," येशूले भन्नुभयो।

210 तिनीहरुसंग तिनीहरुको माझमा चिन्ह र आश्चर्यकर्महरु थिएन। तिनीहरुसंग दिव्य चंगाई र त्यस्ता कुराहरु थिएन। तिनीहरुको माझमा तिनीहरुसंग आशिष थिएन। तर येशू विल्कुल धर्मशास्त्रको एउटा आत्मिक प्रकाश हुनुहुन्थ्यो।

211 तिनीहरुले भने, “किन, यो *यस्तो–र–यस्तो* लेखिएको छ।”

212 र येशूले भन्नुभयो, “हो, र यो पनि लेखिएको छ।” तर परमेश्वरले आफ्नो मानिसलाई चिन्हहरुद्वारा प्रमाणित गर्नुभयो।

213 पत्रुसले त्यहि भने, प्रेरित २ मा, उनले भने, “तिमीहरु इस्राएलका मानिसहरु; नासरतको येशू, तिमीहरुको बिचमा परमेश्वरद्वारा ग्रहण गरिनुभएको मानिस, चिन्हहरु र आश्चर्यकर्म सहित जुन परमेश्वरले उहाँद्वारा तिनीहरुको माभमा गर्नुभयो, र जुन तपाईहरु सबैले आफै जान्नुभएको छ।” (त्यहाँ तपाई हुनुहुन्छ) “उहाँलाई...अगाडि...त्यहाँ ठूलो सभाबाट सुम्पिएको थियो। तर परमेश्वरको पूर्वज्ञानद्वारा, उहाँलाई यो मृत्यु मर्नको लागि परमेश्वरले पूर्वनियुक्त गर्नुभयो। तिमीहरुले उहाँलाई क्रूर र दुष्ट हातहरुले सुम्पिदियौ। तिमीहरुले जीवनको राजकुमारलाई क्रूसमा टाँग्यौ, जसलाई परमेश्वरले उठाउनुभएको छ। र हामीहरु त्यसका साक्षीहरु हौ।”

214 ह्यु, कस्तो प्रचारक! गरेन...उनले आफ्नै नाममा पनि हस्ताक्षर गर्न सक्दैन थिए, तर उनले परमेश्वरलाई चिनेका थिए। तिनीहरुले भने तिनीहरु “तिनीहरुले उहाँमा ध्यान दिए कि उनी येशूसंग थिए भनि।” निश्चय नै, यो एउटा आत्मिक प्रकाश हो। ओ, मेरो। अब, त्यहाँ तपाई हुनुहुन्छ।

215 कयिन मात्र त्यो पंक्तिमा थियो, त्यो शारीरिक मण्डली आज पनि त्यहि पंक्तिमा छ। आत्मिक मण्डलीसंग अझै पनि आगोको खामो छ, अझै पनि चिन्ह, आश्चर्यकर्महरु छन्, अझै पनि उही ख्रीष्ट हुनुहुन्छ; जसले मारिरहेको थूमाबाट भएर, र अदनको बगैंचा, थूमाको दोश्रो आगमन नहुन्जेलसम्म प्रमाणित गर्दछ। निश्चय नै, हिजो, आज, र सधैभरि एक समान।

216 र कयिनको त्यो पंक्ति, धार्मिक र निपुण र विद्वान, ठिक उस्तै तालल; उस्तै नै, हरेक दिन उस्तै नै। आलोचना गर्ने र सतावट गर्नेहरु, जस्तो हाबिलको लागि कयिन थियो, त्यस्तै नै तिनीहरु आज छन्, र हुदै आएको छ र सधै हुनेछ; शारीरिक, अविश्वासीहरु। त्यो सहि हो।

217 अब उत्पत्ति ३:८, र म पनि यहाँ २० राख्छु, मैले केहि समय अगाडि हेर्दै थिए:

> *र आदमले बोलाए...र आदमले आफ्नी* पत्नी...*हव्वा नाम राखे; किनभने उनी सबै जीवितहरुको आमा थिईन्।* (हेर्नुहोस्, त्यो छल गरिरहेको घटना घटेपछिको हो)

218 कयिन...“अब पर्खनुहोस्!” तपाई भन्नुहुन्छ, “कसरी एउटा सर्प, एउटा सर्पले?”

219 तर, भाई, यहाँ हेर्नुहोस्, बाईबलले उ एउटा सर्प थियो भनेर भन्दैन; बाइबलले भनेको छ, “उनी मैदानका सबै पशुहरु भन्दा धूर्त थिए।” ऊ एउटा सरीसृप थिएन, ऊ एउटा पशु थियो। उहाँ एउटा...र त्यहाँ...

220 र हामी बीचमा एउटा टोकनको रूपमा तपाईलाई यो दिन चाहन्छु, यदि तपाईको इच्छा छ भने। त्यहाँनिर हो विज्ञान सबै मिसिएको छ। तिनीहरुले मानिसको सबैभन्दा नजिक जीव पाएको भनेको, एउटा चिम्पान्जी हो। कतिजनालाई त्यो थाहा छ? तर त्यहाँ बीचमा केहि कुरा छ। तिनीहरुले चिम्पान्जीको हड्डीलाई मानिसको हड्डीसंग मिलाउन सक्दैन, यद्धपि यो सबैभन्दा नजिकको कुरा हो। तिनीहरुले उसलाई पोलिवोगबाट माथि ल्याउन सक्छन्। तिनीहरुले उसलाई ट्याडपोल माथि ल्याउन सक्छन्। तिनीहरुले उसलाई पशु र सबै जनावरमा ल्याउन सक्छन्। तिनीहरुले उसलाई भालुमा ल्याउन सक्छन्। तपाईले एउटा भालुलाई लिनुहोस् अनि त्यसबाट छाला निकाल्नुहोस्, यो एउटा सानी महिला जस्तै हो। उही नै कुरा हो। उनलाई फर्काएर लानुहोस् र सबैकुरा, तिनीहरुलाई त्यहाँ उभ्याउनुहोस्, र त्यसरी महिलालाई तान्नुहोस्...महिलालाई त्यसरी उभ्याउनुहोस्। यो एउटा—एउटा—एउटा भालु जस्तै नै हो। खुट्टा उस्तै नै बग्छ, र हात यसरी बाहिर निस्किन्छ, एउटा मानव जाति जस्तै। तर एउटा चिम्पान्जी त्यो भन्दा पनि नजिक आउँछ। यो लगभग छ, तर तिनीहरुले यो भेट्टाउन सक्दैनन्।

221 यहाँनिर एउटा सानो रहस्य छ, यदि तपाईले यो जान्न चाहनुहुन्छ भने। तपाईलाई थाहा छ यो कहाँ छ? यो तिनीहरुबाट लुकाईएको छ। तिनीहरुले चाहेको सबै हड्डीहरु खन्न सक्छन्। तिनीहरुले खन्न सक्छन्...मूर्तिकार, र विज्ञानले खन्न सक्छन्, र—र कालक्रमविद्ले समयको तराजुलाई परमाणु मापनले नाप्न सक्छ, तर तिनीहरुले यसलाई कहिल्यै पनि भेट्ने छैनन्। किनकि त्यो सर्प थियो जो पृथ्वीमा भएको अरु भन्दा बढी एउटा मानिस जस्तै थियो, र परमेश्वरले श्राप दिनुभयो र उनलाई उसको पेटले हिड्ने बनाउनुभयो, र उ एउटा सर्पमा परिणत भयो जुन कुनै मानिस जस्तो थिएन। अब बस आफ्नो शिर कन्याउनुहोस्, ती वैज्ञानिकहरु, र तिनीहरुलाई त्यो केहि समयको लागि लिन दिनुहोस्।

222 तर बाइबलले त्यो घोषणा गर्छ, "उहाँ मैदानका सबै पशुहरु भन्दा धूर्त थियो" त्यो सहि हो। त्यो नै मानिस र बाँदरको बीचको जोड हो, र परमेश्वरले त्यसलाई श्राप दिनुभयो र त्यसलाई पेटले हिड्ने बनाउनुभयो जुन—काम त्यसले गरेको हुनाले। त्यसले स्त्रीलाई बहकायो, र उनले उनको पहिलो छोरालाई जन्माईन् जो कयिन थियो, सर्पको आफ्नै प्रेरणाको प्रकृति अनुसार, शैतान, जो सर्पमा छ, जसले त्यो गर्यो।

223 र त्यसपछि उनी गर्भवती भईन् र र जन्माईन्, उनी फेरी गर्भवती भईन् र उनी बहकिईन्। अब हेर्नुहोस्, उनी छलमा परिन्, उनी लगभग...ठिक छ, उनले गलत गरिन्। तर उनी, शाब्दिक रूपमा, जायज थिईन् जब उनी आफ्नी पतिबाट गर्भवती भईन्, किनकि त्यो धेरै, धेरै पटक पछि, धेरै महिना र धेरै दिनहरु पछि हुनसक्थ्यो; तपाईले त्यो भन्न सक्नुहुन्न, हामीलाई थाहा छैन, तर उनले आदमबाट जन्माईन्।

224 र कसैलाई प्रश्न पनि आयो, भन्नुहुन्छ, "ठिक छ, छोरा...उसले भन्यो उनी जादैछिन्...जसै कयिन जन्मियो, भनिन् उनले 'परमेश्वरबाट एउटा छोरा जन्माईन्।" बिल्कुल, निश्चित रूपमा, यो हुनुपर्थ्यो। यो प्रकृतिको नियम थियो। ठिक त्यहि नै तरिकामा आज तपाई हुनुहुन्छ। जब तपाई जन्मनुहुन्छ, परमेश्वर केवल तल आएर तपाईलाई बनाउनुहुन्न। तपाई आफ्नो बुवा र आमाको सन्तान हुनुहुन्छ। र तपाई एउटा...त्यहाँ एउटा... तपाईको छोराछोरीहरु तपाईका सन्तानहरु हुनेछन्। यो हरेक समय प्रजनन हो, ठिक तल, जस्तो विऊवाला रूख र त्यस्तै खालका कुरा; तर फर्केर सक्कलमा। मलाई आशा छ कि यसले यो व्याख्या गरेको छ।

225 हामीसंग कति समय छ? अझै केहि छैन। अर्कोको लागि यो राम्रो सुन्नुहोस्...त्यो हामीले आईतबार लिनेछौ: "एउटै आत्माद्वारा हामीहरु सबैको एउटै शरीरमा बप्तिष्मा भएको छ..." (हामी त्यो जान्न चाहन्छौ।) "...ख्रीष्ट।" त्यो समयमा...अब, मलाई लाग्छ म केहि धर्मशास्त्रहरु उठाउँछु, त्यसमा राम्रो धर्मशास्त्र [भाई ब्रन्हामले यसको उत्तर भाग २, प्रश्न ६०—सम्पा] मा दिनुहुन्छ।

226 यहाँ एउटा राम्रोवाला छ, यो जस्तै...यसको जवाफ दिनको लागि, के तपाई मसंग थप एक वा दुई मिनेट धैर्यता राख्नुहुन्छ? त्यो आफैले जवाफ दिनसक्छ।

**59. जब—जब तपाईले भन्नुहुन्छ, "दुष्टहरु सधै जल्नेछैन,"...** (ठिक

छ, मसंग अहिले यहोवाको साक्षीहरु हुनुहुन्छ, होइन र?) **...जब तपाईहरुले दुष्टहरु सधैको लागि जल्ने छैन भन्नुहुन्छ, के तपाईको अर्थ नरक हो वा अतल कुण्ड? मलाई थाहा छ यसले प्रकाशमा भनिएको छ** (त्यो २० औं अध्याय हो) **कि नरक आगोको कुण्डमा फालिनेछ। यदि तिनीहरु अनन्तको लागि जल्दैनन् भने, त्यसो तिनीहरुको के हुन्छ?**

227 जस्तो कि भर्खरै भन्दै आएको थिए, भाई वा बहिनी, जो कोहि पनि उहाँ हुनुहुन्थ्यो; तिनीहरु लोप भए, तिनीहरुको लागि त्यहाँ केहि पनि छैन। तिनीहरुको एउटा शुरूवात थियो, र त्यहाँ तिनीहरु अन्त्य हुन्छन्; तिनीहरु बस केहि पनि हुदैनन्। कसरी...कति लामो समयसम्म तिनीहरु जल्नेछन्, त्यो भन्न गाह्रो छ। तर, हेर्नुहोस्, त्यहाँ...

228 यदि तपाईले यो बुझ्न मात्रै सक्नुभयो भने, हेर्नुहोस्, यो एकदम सरल छ। त्यहाँ बस एक प्रकारको अनन्त जीवन छ, र त्यो परमेश्वर स्वयमबाट आउदछ। र परमेश्वर मात्रै नै अनन्त जीवन हुनुहुन्छ। यदि तपाईले बस यहाँ शब्दकोषमा हेर्नुहुन्छ भने, ग्रीक शब्दमा हेर्नुहोस् *जोए। जोए* "अनन्त जीवन" हो। *अनन्त जीवन* "परमेश्वर" हुनुहुन्छ। र येशूले भन्नुभयो, "म तिनीहरुलाई अनन्त जीवन दिन्छु।" र यदि तपाईले यहाँ शब्दकोषमा हेर्नुहुन्छ भने, यसले भनेको छ, "जोए।" त्यो मात्रै अनन्त जीवन हो। बाईबलको कुनै पनि ठाउँ छैन जहाँ यसले कहिल्यै अनन्त नरक हुनेछ भनि भनेको छ, यसले तिनीहरु "सदाकालको निम्ति" जल्नेछ भनेको छ।

229 अब, *सदाकाल* भन्ने शब्द पाउनको लागि, यसमा हेर्नुहोस्, *एईओन।* के तपाईले *यहाँ* ध्यान दिनुभयो, बाईबलमा? यसो भनिएको कतिजनाले अहिलेसम्म सुन्नुभएको छ, "र एईओन र एई–..."? कतिजनालाई थाहा छ कि *एईओन* "समयको एउटा स्थान" हो? किन, पक्कै पनि, कसैलाई थाहा छ कि *एईओन* भनेको "समयको दौरान' हो।

230 "र तिनीहरु युगौ एईओनसम्म जल्नेछन्," त्यो समयको अवधि हो। "आगोको कुण्डमा फालिदिनुहुनेछ, र एईओनसम्म जल्नेछ।" *एईओन* अर्थ "समयको अवधि" हो। तिनीहरु दण्डमा सय करोड वर्षसम्म जल्न सक्छन् तर, अन्तमा, तिनीहरु अन्त्यमा आउनुपर्दछ; पूर्ण रूपमा, विलुप्त हुनु। बुझ्नुभयो, किनभने ती सबैकुरा जुन सिद्ध छैन त्यो सिद्धताको विकृत रुप हो; र यसको शुरूवात थियो, त्यसैले यसको अन्त्य हुनुपर्छ।

231 तर हामीहरु जसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्छौं हामीमा *जोए*, "परमेश्वरको आफ्नै जीवन" छ, र अनन्त जीवन छ। सधै सधैको लागि जीवन होइन, पापीसंग सधै सधैको लागि जीवन छ, तर हामीसंग "अनन्त जीवन छ।"

232 भाई कक्स, धेरै समय भएको छैन, मेरो धावनमार्गमा बस्दै थियौ... हामीले त्यहाँ चट्टान राखेपछि, र उहाँले एउटा सानो, पुरानो जीवाश्म उठाउनुभयो र उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, त्यो कति वर्षको हो?"

233 "ओ," मैले भने, "कालक्रम अनुसार, तपाईले भन्न सक्नुहुन्छ यो दस हजार वर्ष पुरानो हो। कुनै प्रकारको सानो, पुरानो समुन्द्री जीव जुन एक समय जिएको थियो, एउटा सानो समुन्द्री जीव, धेरै अगाडि गएको युगहरुमा जिएको हुनुसक्छ।"

234 उहाँले भन्नुभयो, "*त्यो* जीवनको लागि सोच्नुहोस् त मानवीय जीवन कति छोटो हो।"

235 मैले भने, "ओ, तर, भाई, त्यो चिजको अन्त्य छ, तर जीवन जुन ख्रीष्टमा हाम्रो छ त्यसको कुनै अन्त्य छैन। त्यो दुई वा तिन *सदाकालको* लागि जिउन सक्ला, तर योसंग कहिल्यै पनि अनन्त जीवन हुनेछैन, किनकि अनन्त जीवन परमेश्वरबाट आउछ।"

236 अनन्त, "जसले मेरो वचनहरु सुन्दछ र मलाई पठाउनुहुने माथि विश्वास गर्दछ, त्यसमा अनन्त जीवन छ र **कहिल्यै** इन्साफमा आउनेछैन तर मृत्युबाट जीवनमा आएको छ।" त्यहाँ तपाई हुनुहुन्छ, तपाई एउटा विश्वासी भएर अनन्त जीवन पाउनुहुन्छ। अविश्वासीसंग सदाकालको जीवन छ। एउटा अनन्त...एउटा विश्वासीसंग अनन्त जीवन हुन्छ, र त्यो अनन्त भएकोले नाश हुन सक्दैन।

237 तर एउटा विश्वासी, ऊ जान्छ...अविश्वासी संसारद्वारा भएर जान्छ, उसको दुख, विपत्तिहरु हुन्छ; जसलाई उसले ठूलो समय भएको भन्छ, "हुप्पी, एउटा ठूलो समय भएको।" महिला, रक्सी, र रमाईलो समय, उसले सोच्दछ कि ऊ जाँदैछ। ऊ मर्नेछ, ऊ आगो र गन्धकको तालमा जान्छ जुन जल्दछ, जहाँ जलिरहेको छ सधै र सदाको लागि, र शायद उसको प्राण सय करोड वर्षसम्म आगो र गन्धकको कुण्डमा जल्नेछ।

238 म...तपाई भन्नुहुन्छ, "के यो नियमित गन्धक जस्तै हुनेछ?" म विश्वास गर्छु कि यो दस लाख गुणा त्यो भन्दा पनि विजोग हुनेछ। म विश्वास गर्छु कि

तपाईले यो आगोद्वारा, शाब्दिक आगोद्वारा वर्णन गर्न सक्नुहुन्न। यसलाई "आगोद्वारा," राख्नुको एउटै मात्र कारण त्यो आगो हो जुन हामीसंग भएको सबैभन्दा धेरै भस्म पार्ने कुरा हो। यसले विल्कुलै सबै कुरालाई भस्म पार्छ र नाश गर्छ, आगोले त्यो गर्छ। ठिक छ, तब, यो त्यहाँ हुनेछ, तर तपाईसंग एउटा प्राण हुनेछ जुन कुनै प्रकारले सजाय दिईनुपर्छ...

239 अब, तपाईले *आगो* शब्दलाई हेर्नुपर्छ, किनभने पवित्र आत्मालाई प्रयोग गरिएको छ "पवित्र आत्मा र आगो"; किनभने पवित्र आत्माको आगोले पापलाई जलाएर भस्म गर्छ, हेर्नुहोस्, र शुद्ध बनाउछ।

240 तर *यो* आगो, यो नरकबाट आउँछ, यसलाई "अग्नि कुण्ड" भन्यो। र यो जे भए पनि, यो यातना सहितको सजाय हो। धनि मानिसले आफ्नो आँखा उठायो, नरकबाट, र भन्यो, "लाजरसलाई उसको औंलामा थोरै पानी राखेर मेरो ओठमा राख्न पठाईदिनुहोस्, किनकि यो ज्वालाले मलाई सताईरहेको छ।" त्यहाँ जलिरहेको नरक, र भौतिक नरक छैन भनेर नसोच्नुहोस्, त्यहाँ छ। यदि त्यहाँ भौतिक शैतान छ भने, त्यहाँ वास्तविक नरक छ।

241 तर, तपाईले देख्नुहुन्छ, सबैकुरा जुन विकृत भएको छ त्यसको अन्त्य हुन्छ, किनभने यो अन्ततः परमेश्वरको शुद्धता र पवित्रतामा फर्केर आउनुपर्दछ। र परमेश्वर अनन्त हुनुहुन्छ; र यदि हामीसंग अनन्त जीवन छ भने, परमेश्वर हामीभित्र हुनुहुन्छ, परमेश्वर मर्न नसक्ने जस्तै हामी पनि अब मर्नेछैनौ। त्यहाँ तपाई हुनुहुन्छ।

242 अब, पाठले वास्तवमै आफैलाई व्याख्या गर्छ, हेर्नुहोस्, र यसलाई सहि बनाउँछ। अब, हेरौ, मसंग एउटा...मलाई थाहा छैन चाहे...हो:

**"तिनीहरुबाट के हुनेछ—के हुनेछ?"**

243 तिनीहरु लोप भए, तिनीहरुमा अब केहि पनि छैन: प्राण जान्छ, आत्मा जान्छ, जीवन जान्छ, शरीर जान्छ, विचार जान्छ, सम्झना जान्छ।

244 र त्यहाँ दुष्टसम्मको विचार समेत हुनेछैन, वा, कहिल्यै पनि हुनेछैन, कहिल्यै भएको छैन, महिमामा। त्यो सहि हो, यो सबै हुनेछ...के तपाईले कल्पना गर्नसक्नुहुन्छ, कि यहाँ यसभागमा मानिसहरु हुनेछन्...?

245 के बाईबलले भनेको छैन र, "दुष्टको विचार समेत नाश हुनेछा"? यसको विचार नाश हुनेछ।

246 यहाँनिर *यहाँ* एउटा मानिस हुनेछ, यहाँ परमेश्वर महान पवित्र जान *यहाँ* हुनुहुन्छ, र यो जानेर कि ठिक पर पारी एउटा खाडल जसमा प्राणहरु जलिरहेको छ? किन, त्यो स्वर्ग हुनसक्दैन। त्यहि विचारहरु, त्यहि स्मृति, सबैकुरा जुन विकृत छ, हरेक दुष्ट विचार, सबै कुरा नाश हुनेछ, र सबैकुरा जुन दुष्ट छ। र हामी अरु केहि नभएर शुद्धता हुनेछ, *जोए* संग, परमेश्वरको जीवनबाट; अनन्तकालसम्म, र युगौसम्म चलिरहन्छ, र निरन्तर, र बढ्दै, र बढ्दै, र बढ्दै; यो कहिल्यै अन्त्य हुनेछैन, अनन्त रहन्छ!

247 "तिनीहरु *अनन्त* सजायमा गए, तर धार्मिक अनन्त जीवनमा गए।" तपाईले बुभ्नुभयो? *अनन्त* दण्ड, अनन्त जीवन, कति फरक छ!

248 अब, हेर्नुहोस्, यसले गर्दैन...अब, मलाई थाहा छ, तपाईलाई, मेरा प्रिय जवानहरु, म—मैले आफैलाई सबै जानेको छु भनि देखाउन खोजेको होइन। यदि म त्यसो गर्छु भने,...

249 अब, मसंग तिन वा चार थप राम्रा प्रश्नहरु छन्। म तिनीहरुलाई आईतबार बिहान टिप्नेछु, यदि प्रभुको इच्छा भए।

250 अब, हेर्नुहोस्। हेर्नुहोस्, यी उठेका प्रश्नहरु। म बुढो प्रचारक हुँ। म—म—म—मैले सेवकाईमा छब्बीस वर्ष पूरा गरेको छु। र म—म यसको लागि धेरै आभारी छु, कि म यो भन्न सक्छु, मेरो...मैले मेरो जीवनमा कुनै पनि कुरा पहिला प्रकाश नभएसम्म त्यसलाई प्रस्तुत गर्ने कोशिष गरेको छैन। र म यदि धन्यवादी छु कि परमप्रभुको स्वर्गदुतले...जसको मसंग कुनै शिक्षा थिएन, न कुनै योग्यता। र यो स्वर्गदुत तल आउनुभयो, परमेश्वरबाट पठाईएको मेरो सहायता हुनुभयो। र उहाँले मलाई कहिल्यै एउटा कुरा बताउनुभएको छैन तर त्यो उत्पत्ति देखि प्रकाशसम्म के पूर्णरूपमा छ, यतिसम्म कि...मैले तुरुन्तै तल लेखे जब उहाँले भन्नुभयो, "र तिमी—तिमीले दिव्य चंगाईको वरदान लिनेछौ।" र उहाँले भन्नुभएको तरिकामा मैले यसलाई तल राखे।

251 र लगभग तिन वर्ष पछि, प्रबन्धकले मेरो—मेरो ध्यान त्यसमा बोलायो, भन्नुभयो, "भाई ब्रन्हाम, के तपाईले त्यो याद गर्नुभयो? उहाँले तपाईलाई 'एउटा वरदान' नभनेसम्म त्यो सिद्ध हुन्छ।"

252 हेर्नुहोस्, कहिल्यै पनि "वरदान" भनेको छैन। र हरेक—बाईबलमा हरेक...हरेक वरदान "वरदान" हो तर ईश्वरीय चंगाई, र यो "एउटा वरदान" हो। यो "चंगाईको वरदान हो।" तपाईसंग सबै खालका चंगाईका

वरदान हुनसक्छन्, भिन्न तरिकामा। तर, हरेक अन्य “वरदान” हो: “एउटा” अगमवाणीको वरदान, “एउटा” *यसको* वरदान। तर ईश्वरीय चंगाई बहुवचनमा छ: “वरदानहरु।” र मैले त्यो कहिल्यै याद गरिन, कि पवित्र आत्मा यति सिद्ध हुनुहुन्छ। ओ, प्रभु धन्यको होस्!

253 के तपाईले बुझ्नुहुन्छ कि उही पवित्र आत्मा जसले त्यो बाइबल लेख्नुभयो, सयौ मानिसहरुद्वारा, सयौ वर्षको दूरीमा...र ती मध्ये एउटा पनि एक अर्काबाट अलग थिएन, ती मध्ये सबै पूर्ण थियो; र एउटाले कहिल्यै पनि अर्कोको बारेमा सुनेको थिएन।

254 र पावल तल गए, र तल अरबमा थिए, र चौध वर्षसम्म यरूशलेम गएनन्, तर तल यरूशलेममा र तल...गए...कहिले पनि यरूशलेममा गएनन्। तर तल अरबमा, र प्रचार शुरू गरे, कहिल्यै पनि पत्रुसलाई र बाकि रहेकाहरुलाई चौध वर्षसम्म देखेका थिएनन्। र जब तिनीहरु संगै आए, तिनीहरुले एउटै कुरा प्रचार गरिरहेका थिए येशू ख्रीष्टको नाममा पानीको बप्तिष्मा, र ईश्वरीय चंगाई, र परमेश्वरको शक्ति।

ओ!

म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु।

ती मध्ये एक, म तिनीहरु मध्ये एक हुँ,
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु;
(हल्लेलुयाह!)
ती मध्ये एक, म तिनीहरु मध्ये एक हुँ,
बस यदि खुसी छु कि म भन्न सक्छु म तिनीहरु मध्ये
एक हुँ।

त्यहाँ मानिसहरु लगभग जतातते छन्,
जसका हृदयहरु सबै आगोमा छन्,
यो आगोसंग जुन पेन्टिकोष्टमा खस्यो,
जसले तिनीहरुलाई धोयो र शुद्ध बनायो;
ओ, यो मेरो मुटु भित्र जलिरहेको छ,
ओ, उहाँको नाउँको महिमा होस्!
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु।

तिनीहरु माथिल्लो कोठामा भेला भएका थिए,
सबैले उहाँको नाउँमा प्रार्थना गरिरहेका थिए,

तिनीहरुको पवित्र आत्माले बप्तिष्मा भयो,
र सेवाको लागि शक्ति आयो;
अब उहाँले तिनीहरुको लागि त्यस दिन के गर्नुभयो
उहाँले तपाईको लागि पनि त्यस्तै गर्नुहुनेछ,
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु।

म तिनीहरु मध्ये एक हुँ, म तिनीहरु मध्ये एक हुँ,
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु;
(हल्लेलुयाह!)
ती मध्ये एक, ती मध्ये एक,
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु।

255 सुन्नुहोस्, मसंग तपाईको लागि एउटा सानो सन्देश छ:

आउनुहोस्, मेरो भाई, यो आशिष खोज्नुहोस्
त्यसले तपाईको हृदयलाई पापबाट शुद्ध पार्नेछ,
त्यसले आनन्दको घण्टी बजाउनेछ
र तपाईको प्राणलाई ज्वालामा राख्नेछ;
ओ, यो अहिले मेरो मुटु भित्र जलिरहेको छ,
ओ, उहाँको नाउँको महिमा होस्,
म धेरै खुसी छु कि म तिनीहरु मध्ये एक हुँ भन्न सक्छु।

256 तपाई ती मध्ये एक भएकोमा के तपाई खुसी हुनुहुन्न? यो के हो? यो आत्मा हो जसले प्रकट गर्दछ। यो परमेश्वरको प्रकाश हो, “यस चट्टान माथि।” मलाई मतलव छैन यदि एउटा आर्कबिशप…

257 क्याथोलिक पुजारी, धेरै समय भएको छैन, मेरो घरमा हुनुहुन्थ्यो, र उहाँले भन्नुभयो, “श्रीमान. ब्रन्हाम, म तपाईलाई एउटा प्रश्न सोध्न आएको छु।”

मैले भने, “ठिक छ, श्रीमान।”

258 भन्नुभयो, “मसंग यहाँ विशपको एउटा चिठ्ठी छ, तपाईको लागि।”

मैले भने, “ठिक छ, श्रीमान।”

259 उहाँले भन्नुभयो, “तपाईले गरेको भनाईहरु, के तपाईले आफ्नो हात समाउनुहुन्छ र सत्य बोल्छु भन्ने शपथ खानुहुन्छ?”

260 मैले भने, "म गर्दिन।" मैले भने, "बाईबलले भनेको छ, 'स्वर्ग वा पृथ्वीको कुनै पनि शपथ नखाओ (किनकि यो उहाँको पाउदान हो)। तपाईको हुन्छ र होइनमा हुन दिनुहोस्।' यदि बिशपले मैले भन्ने कुरा सुन्ने चाहना छ भने, यसको लागि उहाँले मेरो वचनलाई लिनुहुनेछ। यदि उहाँले लिनुहुन्न भने, म कसम खादिन।"

261 यो सानो पुजारी जो यहाँ सेक्रेड हार्टको मण्डलीमा हुनुहुन्छ, उहाँले भन्नुभयो, "के तिमीले पाउलिन फ्रेजियरलाई एउटा *निश्चित–निश्चित* मितिमा बप्तिष्मा दिनुभयो?"

262 मैले भने, "मैले गरे, श्रीमान, तल ओहायो नदिमा।"

263 भन्नुभयो, "तपाईले उसलाई कसरी बप्तिष्मा दिनुभयो?"

264 मैले भने, "मैले उनलाई पानीमा डुबाएर प्रभु येशू ख्रीष्टको नाउँमा बप्तिष्मा दिए।"

265 उहाँले यसलाई तल राख्नुभयो। भन्नुभयो, "तपाईलाई थाहा छ, क्याथोलिक मण्डलीले त्यसरी नै बप्तिष्मा दिने गर्थे।"

मैले भने, "कहिले?"

उहाँले भन्नुभयो, "प्रारम्भिक युगमा।"

मैले भने, "कुन प्रारम्भिक युग?"

उहाँले भन्नुभयो, "ठिक छ, शुरूमा।"

मैले भने, "कुन शुरूवात?"

उहाँले भन्नुभयो, "बाइबलमा।"

मैले भने, "के तपाईको मतलव शुरू–...भित्र—चेलाहरुकोमा?"

उहाँले भन्नुभयो, "अवश्य।"

मैले भने, "के तपाईले क्याथोलिकलाई बोलाउनुहुन्छ, वा,—वा...? तपाई भन्नुहुन्छ कि चेलाहरु क्याथोलिक थिए?"

उहाँले भन्नुभयो, "पक्कै पनि, तिनीहरु थिए।"

मैले भने, "मैले सोचेको थिए कि क्याथोलिक मण्डलीले परिवर्तन गरेको थिएन?"

उहाँले भन्नुभयो, "यसले गर्दैन।"

266 मैले भने, “त्यसोभए किन पत्रुसले भने, ‘पश्चाताप गर, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ’? र तपाई भन्नुहुन्छ त्यो...कि ऊ एउटा पप थियो?”

267 “हो।”

268 “त्यसोभए किन तिमीहरु पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिष्मा दिन्छौ? र उनले डुबाए, र तपाईहरुले छिर्काउनुहुन्छ। अब के भयो?”

269 उहाँले भन्नुभयो, “तर, तपाईले देख्नुहुन्छ,” भन्नुभयो, “क्याथोलिक मण्डलीले चाहेको जे पनि गर्न सक्ने तिनीहरुसंग शक्ति छ।” हँ।

270 मैले भने, “र तपाईले भन्नुहुन्छ चेलाहरु क्याथोलिक थिए?”

271 उहाँले भन्नुभयो, “हो।”

272 मैले भने, “श्रीमान, मसंग जोसेफस छ, मसंग *फक्सेसको बुक अफ मार्टिर्स छ,* मसंग पेम्बरको *प्रारम्भिक युगहरु* छन्, मसंग हिस्लोपको *दुई बेबिलोनहरु* छन्, संसारमा भएको सबैभन्दा पुरानो इतिहासहरु, मलाई त्यहाँ देखाउनुहोस् जहाँ क्याथोलिक मण्डलीलाई नियुक्त गरिएको वा संस्थामा आएको थियो...अन्तिम प्रेरितको मृत्यु भएको छ सय वर्ष पछि।”

“ओ,” उहाँले भन्नुभयो, “मण्डलीले के भन्छ हामी त्यो विश्वास गर्छौं।”

मैले भने, “म बाइबलले जे भन्छ त्यो विश्वास गर्छु।” बुझ्नुभयो?

“किन,” उहाँले भन्नुभयो, “परमेश्वर आफ्नो मण्डलीमा हुनुहुन्छ।”

273 मैले भने, “परमेश्वर उहाँको वचनमा हुनुहुन्छ।” र मैले भने, “यहि...” उहाँले भन्नुभयो...मैले भने, “बाईबलले परमेश्वर उहाँको मण्डलीमा हुनुहुन्छ भनि भन्दैन, तर बाइबलले परमेश्वर उहाँको वचनमा हुनुहुन्छ भनि भन्छ। ‘आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसंग थियो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो; वचन देहधारी भयो।” त्यो सहि हो। मैले भने, “परमेश्वर उहाँको वचनमा हुनुहुन्छ।”

274 उहाँ जानुभयो र त्यो भन्नुभयो। उहाँले भन्नुभयो, “ठिक छ, हामी बहस गर्न सक्दैनौ,” भन्नुभयो, “किनभने तपाईले बाईबललाई विश्वास गर्नुहुन्छ, म मण्डलीलाई विश्वास गर्छु।”

275 मैले भने, “म विश्वास गर्छु कि बाइबल परमेश्वरको प्रेरित वचन हो र त्यहाँ यसमा एउटा पनि विरोधाभास छैन। र यो परमेश्वरको वचन हो, पूरा आउनेवाला युगको लागि उहाँको अनन्त योजनाहरु हो। उहाँले भन्नुभयो,

'स्वर्ग र पृथ्वी बितेर जानेछ तर मेरो वचन बितेर जानेछैन।' त्यो सहि हो। म वचन विश्वास गर्छु।"

276 उहाँ बाहिर श्रीमती फ्रेजियर कहाँ जानुभयो। उहाँले भन्नुभयो, "श्रीमती फ्रेजियर, के तपाईले यहाँ कागजमा एउटा हस्ताक्षर गर्न सक्नुहुन्छ कि तपाईको केटि क्याथोलिक मण्डलीको सदस्य हुन सक्छिन् भन्ने सहमति जनाई?"

277 उनले भनिन्, "बरु म उनीसंग चिहानसम्म हिड्न चाहन्छु।"

278 भन्यो, "लजमर्दो कुरा तिमीमा।" भनिन्, "तपाई धन्यवादी हुनुपर्छ कि त्यो केटि त्यो बकवासबाट निस्केर, क्याथोलिक मण्डलीमा आईरहेछिन्।"

279 भनिन्, "के हुनेथियो यदि तपाईको छोरी मेरो मण्डलीमा आउछ भने, यसको बारेमा तपाईले के भन्नुहुन्छ?"

280 "ओ," उहाँले भन्नुभयो, "त्यो फरक कुरा हो।"

281 भनिन्, "होइन, यो होइन।" उहाँलाई थाहा थियो उहाँ कतै जानुभएको थियो जब उहाँले त्यो सानी केटिलाई त्यहाँ छोड्नुभयो। उहाँलाई थाहा थियो कि उहाँ कति हुनुहुन्थ्यो। उनले भनिन्, "अब, त्यहि ढोका खुल्ला छ जहाँबाट तपाई भित्र आउनुभएको छ।"

282 हेर्नुहोस्, त्यहि नै तरिका हो। नदौडनुहोस्, तपाई भागदौड गर्नुपर्दैन। यदि परमेश्वर तपाईसंग हुनुहुन्छ भने, को तपाईको विरुद्धमा हुनसक्छ? सहि हो! यसको समस्या आज, तपाईसंग मेरुदण्डको सट्टामा इच्छाको एउटा हड्डी छ। परमेश्वरको लागि र सहिको लागि खडा हुनुहोस्!

283 उही पवित्र आत्मा जो ती प्रेरितहरुमा ती पुराना युगहरुमा आउनुभएको थियो, आज पनि उहाँको मण्डलीमा हुनुहुन्छ, तिनीहरु जसमा परमेश्वरले आफैलाई प्रकट गर्नुभएको छ। "इच्छा गर्ने, वा दौडनेमा होइन, तर परमेश्वरले जसले दया देखाउनुहुन्छ।" यो परमेश्वर, उहाँको चुनावद्वारा, मानिसलाई ल्याउदछ र तिनीहरुका आँखा खोल्दछ। तपाईले यो कहिल्यै देख्न सक्नुहुन्न, तपाई अन्धो हुनुहुन्छ, र परमेश्वरले तपाईको समझ नखोल्दासम्म कहिल्यै पनि देख्न सक्नुहुन्न। बाईबलले तपाई अन्धो हुनुहुन्छ भनेको छ, र तपाईले देख्न सक्नुहुन्न। त्यहाँ तपाईले प्रयास गर्न पर्ने केहि पनि छैन। सबै शिक्षा सहित, तपाई पाउन सक्ने छात्रवृत्तिहरु, तपाई बस निरन्तर अन्धो हुदै जानुहुन्छ।

284 अब, तपाई ख्रीष्टको मण्डलीहरु यहाँ, तपाई “त्यहाँ बोल्नुहुन्छ जहाँ बाईबलले बोल्छ, र चुप बस्नुहुन्छ जहाँ यो चुप बस्छ,” यी सबैको बारेमा के छ? त्यसमा तपाई शक्तिशाली रूपमा चुप बस्नुभएको छ। सहि हो।

285 हेर्नुहोस्, यसले आत्मिक प्रकट गरिएको सत्य लिदछ। त्यसपछि परमेश्वर तल आउनुहुन्छ र आफैलाई प्रकट गर्नुहुन्छ र यो सत्य हो भनि प्रमाणित गर्नुहुन्छ। आमेन! तपाईले उहाँलाई प्रेम गर्नुहुन्छ? म पनि गर्छु। आमेन।

286 ठिक छ, तपाई सबै मेथोडिष्टहरु अहिले ब्याप्टिष्टसंग हात मिलाउन चाहनुहुन्छ? तपाई प्रेस्बिटेरियन?

287 “अब,” तपाई भन्नुहुन्छ, “भाई ब्रन्हाम, के तपाई ब्याप्टिष्ट र प्रेस्बिटेरियनहरुलाई बहिष्कृत गर्नुहुन्छ जसले बप...?”

288 होइन, श्रीमान, म गर्दिन। म उहाँहरुलाई मेरा दाजुभाईहरु मान्छु। बिल्कुल! तपाई बप्तिष्मा नै नभएको हो भने पनि म त्यसलाई वास्ता गर्दिन, यदि तपाई “शारोनको गुलाफ, उपत्यकाको लिली, बिहानीको तारा” को नाउँमा बप्तिष्मा हुनुभएको भए, त्यो हुदैन...त्यो “पिता, पुत्र, पवित्र आत्मा” जत्तिकै असल हुनेछ। मात्र तिनओटा उपाधि। उहाँ शारोनको गुलाब हुनुहुन्थ्यो। के उहाँ हुनुहुन्थ्यो? उपत्यकाको लिली, बिहानको तारा, ती सबै। निश्चय नै, उहाँ हुनुहुन्थ्यो। केवल एउटा कुरा वा अर्को। तर यहाँनिर यो छ: सहि धर्मशास्त्रको तरिका येशू ख्रीष्टको नाउँमा छ। यदि तपाईले धर्मशास्त्रीय तरिका चाहनुहुन्छ भने, त्यो ठिक तरिका हो। त्यो नै सहि तरिका हो।

289 अब, यदि तपाई “पिता, पुत्र, र पवित्र आत्मा” को नाउँमा बप्तिष्मा लिनुभएको छ भने, त्यो ठिक छ जस्तो महसूस गर्नुहोस्, आमेन। यदि यो परमेश्वर प्रति एउटा स्पष्ट अन्तास्कारणको परमेश्वरलाई एउटा असल जवाफ हो भने, आमेन। ठिक अगाडि बढ्नुहोस्, हेर्नुहोस्।

290 तर जहाँसम्म मेरो सम्बन्ध छ, जहाँसम्म मेरो भाग रहेको छ, यदि तपाईले मलाई सोध्नुहुन्छ भने, भन्नुहुन्छ, “भाई ब्रन्हाम, के मैले बप्तिष्मा लिनुपर्छ?” म भन्नेछु, “पर्छ,” मेरो भागको लागि।

291 अर्को दिन सानी महिला यहाँ आउनुभयो, भन्नुभयो, “प्रभुले मलाई एउटा प्रचारक हुनको निम्ति बोलाउनुभयो।” मैले त्यो विश्वास गरिन,

जत्तिको उनी चन्द्रमामा उफ्रिन सक्छिन् भनेर गरिन—उत्तिकै त्यो विश्वास गरिन। र उनी...

292 मैले भने, "ठिक छ, त्यो एकदम राम्रो हो, बहिनी।" मैले भने, "तपाई विवाहित हुनुहुन्छ?"

"हो।"

"दुईटा छोराछोरीहरु छन्?"

"हो।"

मैले भने, "के हो...? के तपाईको श्रीमान बचाईनुभएको छ?"

"छैन।"

मैले भने, "तपाई उहाँसंग के गर्न जाँदै हुनुहुन्छ?"

"उहाँलाई घर छोड्न जाँदैछु।"

293 मैले भने, "त्यो शैतानको सबैभन्दा राम्रो चारो हो। तपाई शुरू गर्नको लागि एउटा सुन्दर महिला हुनुहुन्छ, र तपाई यहाँ मैदानमा चिप्लिदै हुनुहुन्छ, तपाई नियमित चारा र शैतानको निशाना बन्नुहुनेछ। र तपाईको श्रीमान, घरमा, एउटा जवान मानिस, र तपाईले उहाँलाई यी दुईवटा छोराछोरीहरु सहित; उहाँ अरु महिलासंग हिड्न थाल्नुहुन्छ, र यी दिनहरु मध्ये एक दिन यी बच्चाहरुको अर्को बुवा हुनेछ।" मैले भने, "पहिलो ठाउँमा, यदि परमेश्वरले एउटा महिलालाई बोलाउनुभयो, उहाँले आफ्नै वचनको विरुद्धमा गर्नुभयो।" मैले भने, "अब, यदि तपाई चाहनुहुन्छ भने, त्यो ठिक छ।" मैले भने, "अब, प्रभेद, तपाईले भन्नुहुन्छ कि प्रभुले तपाईलाई प्रभेद दिनुहुन्छ। के तपाई बाहिर मंचमा, गएर, यो कोशिष गर्नुहुन्छ?"

294 उनले भनिन्, "हो।" र तपाई हेर्नुहोस् के हुन्छ।

295 तपाईले देख्नुहुन्छ, यो उत्साहित छ। यो वचनमा आउनुपर्छ। यदि यो वचनमा छैन भने, त्यसो हो भने यो सहि होइन। तपाईको भावनाहरु के छ मलाई त्यसको वास्ता छैन, यो सहि होइन। आमेन! त्यो सुन्नमा राम्रो छ। आमेन!

296 ठिक छ:

> हामी ज्योतिमा हिड्नेछौ, यस्तो सुन्दर ज्योति,
> आउनुहोस् जहाँ दयाको शीतको थोपा चम्किलो छ;
> दिन र रातमा हामी सबै वरपर चम्काउनुहोस्,

येशू, जो संसारको ज्योति हुनुहुन्छ।

तपाईहरु सबै ज्योतिका सन्तहरु जो घोषणा गर्नुहुन्छ,
येशू, संसारको ज्योति हुनुहुन्छ;
तब स्वर्गको घण्टी बज्नेछ,
येशू, संसारको ज्योति हुनुहुन्छ।

हामी ज्योतिमा हिड्नेछौ, यति सुन्दर प्रकाश,
आउनुहोस् जहाँ शीतको थोपा...
दिन र रातमा हामी सबैमा चम्कनुहोस्,
येशू, ज्योति...

297 अब म चाहन्छु सबैजना दाहिने फर्कनुहोस् अनि हात मिलाउनुहोस्, चार तरिकाहरु, सबैजनासंग अहिले, जसै हामी यो फेरी पनि गाउँछौ:

हामी ज्योतिमा हिड्नेछौ, सुन्दर ज्योति, (आमेन!)
आउनुहोस् जहाँ दयाको शीतको थोपा चम्किलो छ;
दिन र रातमा हामी सबै वरपर चम्कनुहोस्,
येशू, ज्योति...

298 के तपाई मेथोडिष्टलाई प्रेम गर्नुहुन्छ? भन्नुहोस्, "आमेन।" [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] ब्याप्टिष्ट? प्रेस्बिटेरियन? क्याथोलिक? ओ...ओ, के तपाईले ती सबैलाई प्रेम गर्नुहुन्छ? भन्नुहोस्, "आमेन।" ["आमेन।"]

हामी ज्योतिमा हिड्नेछौ, सुन्दर...

हात मिलाउदै, जसै हामी जान्छौ।

ओ, आउनुहोस् जहाँ दयाको शीतको थोपा चम्किलो
छ;
दिन र रातमा हामी सबै वरपर चम्कनुहोस्,
येशू, ज्योति...

299 हामीले समापन गर्ने गीत गाउनुभन्दा अगाडि...अब, यो सम्भव छ कि म यहाँ फेरी आईतबार हुनेछु। अब, त्यसपछि म ख्रीष्टमसको समय पछाडिसम्म फर्केर आउनेछैन। हेर्नुहोस्, किनकि म मिशिगन जाँदैछु, मिशिगन देखि कोलोराडो, कोलोराडो देखि इदाहोमा, इदाहोबाट क्यालिफोर्नियामा, र हामी फर्केर आउनेछौ। र यो सम्भव छ (मेरो लागि

तपाईले प्रार्थना गरेको म चाहन्छु) म वाटरलू, आयोवा, चौबिस जनवरीबाट शुरू भएर दोस्रो फेब्रुअरीसम्म। बुझ्नुभयो, त्यो ठूलो मंच त्यहाँ, केहि समय अगाडि मात्रै मैले कल पाएको थिए, र मसंग अहिले देखि आईतबारसम्म समय छ। हेर्नुहोस्, वाटरलू, आयोवामा, जुन अहिले नजिक छ।

300 तर अब, याद गर्नुहोस्, भाईको नौ बजेको प्रसारणलाई सुन्नुहोस्, शनिबार बिहान। हामी उहाँलाई बोलाउनेछौ र उहाँलाई थाहा दिनेछौ। र त्यो WLRP मा हुनेछ, नेभिल चौकी नौ बजे, शनिबार बिहान। हामी...यदि मैले—मैले ती लिन पाईन भने, भाई नेभिलले प्रश्नहरु समाप्त गर्नुहुनेछ। के तपाई गर्नुहुनेछ, भाई नेभिल, आईतबार बिहानको लागि? [भाई नेभिल हाँस्छन् र भन्छन्, "ठूलो अर्डर!"—सम्पा।] ठिक छ, हेर्नुहोस्, यदि तपाई समस्यामा पर्नुभयो भने, म तपाईसंग जानेछु। उहाँले हेर्नुहुनेछ। ठिक छ।

301 ठिक छ:

तपाईसंग येशूको नाउँ लिनुहोस्,
शोक र विलापको बच्चा;
यसले तपाईलाई आनन्द र सान्त्वना दिनेछ,
ओ, तपाई जाने सबै ठाउँमा यसलाई लानुहोस्।

अनमोल नाम, ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अमूल्य नाम, (अमूल्य नाम!) ओ कति मिठो! (कस्तो मिठो!)
पृथ्वीको आशा र स्वर्गको आनन्द।

302 अब, यदि तपाई कराउने एउटा बाप्टिष्टलाई जान्न चाहनुहुन्छ भने, यो खालको कराउने हो जसमा म विश्वास गर्छु। त्यो वृद्धा आमा भर्खरै त्यहाँ बसिरहनुभएको छ, र आत्मा उनमा आउनुहुन्छ। उनि कराउन थालिन्, उनले यो रोक्न सकिनन्, उनी पछाडि हिडिन् र आफ्नी छोरीलाई अंकमाल गरिन्। त्यस तरिकामा मलाई हेर्न मन पर्छ। आमेन। त्यो एकदम राम्रो, पुरानो–शैलीको, हृदयले महसूस गरेको भावना हो। ओ, मेरो, एउटा बुढो—एउटा बुढो, अनुभवी, पाकेको सन्त, महिमाको घर जानको लागि तयार हुनुहुन्छ। बस बुलावाको पर्खाई गरिरहनु भएको छ, तपाई देख्नुहुन्छ, बस अद्भूत समय भईरहेको छ।

ठिक छ, भाई नेभिल अब, जे पनि उहाँले गर्न चाहनुहुन्छ।

57-0925 प्रश्न र उत्तर हिब्रू भाग १
ब्रन्हाम टेबरनेकल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2025 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org